**मजदुर विज्ञापन शाखा**
नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५
Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड



★ वर्ष : २८ ★ अङ्क : ८१ ★ ने. सं. ११४६ चौला गा, द्वादशी ★ मङ्गलबार ★ १ वैशाख, २०८३ ★ April 14, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# कर्मचारीहरुले नगरवासीहरूको हितमा निरन्तर काम गर्नुपर्ने



भक्तपुर, ३० चैत । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा नेपाल नगरपालिका कर्मचारी एशोसिएसन, भक्तपुर नगरपालिका समितिको आयोजनामा नव वर्ष २०८३ र बिस्का जात्राको अवसरमा शुभकामना आदानप्रदान तथा ३० वर्ष सेवा अवधि पूरा गरेका र सेवा निवृत्त कर्मचारीहरूलाई कदरपत्र वितरण कार्यक्रम सोमबार भनपा सभाकक्षमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि बिजुक्छेँले देश विकासको लागि हरेक क्षेत्रमा सन्तुलित विकास हुन जरुरी छ भन्दै उहाँले नपाले नगरवासीहरूको हितमा निरन्तर कार्य गरिरहनुपर्नेमा जोड दिनुभयो ।

पालिकामा स्थानीय कर्मचारीहरू भए समस्या बुझ्न सजिलो हुने उल्लेख गर्दै उहाँले जनतासँग प्रत्यक्ष सरोकार राख्ने नक्सा शाखा, वडा निरीक्षक र सफाइ कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी इमानदारीपूर्वक गर्नुपर्ने तथा नगरमा भइरहेको गतिविधिबारे जानकार हुनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

अध्यक्ष बिजुक्छेँले विद्यालय तहबाटै सफाइबारे जनचेतना जगाई नागरिक भावनाको विकास गराउनुपर्ने विचार व्यक्त गर्दै विद्यालयले नियमित सफाइ अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो ।

भनपाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाबाट सेवा निवृत्त कर्मचारी र कार्यरत कर्मचारीले आ-आफ्नो अनुभव र सिकाइलाई लिपिबद्ध गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले कर्मचारीहरूको व्यवहार परिवर्तन गर्न आफूमा भएको राम्रो पक्षलाई बलियो बनाउनुपर्ने र नकारात्मक पक्षलाई सुधार गर्दै जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

उहाँले कर्मचारीहरूले शिष्टता र नम्रतापूर्वक सेवा प्रवाह गर्नुपर्ने विचार व्यक्त गर्दै यसलाई निरन्तरता दिन जनप्रतिनिधि र कर्मचारीहरूले आ-आफ्नो जिम्मेवारी निभाउनुपर्नेमा जोड दिनुभयो । उहाँले 'सय वर्षपछिको भक्तपुर' पुस्तकले भक्तपुर नगरपालिकाको भावी कार्ययोजनालाई मार्गनिर्देशको रूपमा लिई कार्य गर्दै आएको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण र सरसफाइलगायतका उदाहरणीय कार्यबाट देशभरिकै स्थानीय तहलाई सिकाइ प्रदान गरिरहेको चर्चा गर्दै कर्मचारीहरूले सेवाग्राहीको मनोभावना र आवश्यकता बुझेर कार्य गर्नुपर्ने बताउनुभयो । उहाँले जनगुनासो बढ्न नदिन सतर्कता अपनाउनुपर्ने बताउँदै जात्रा पर्वहरूमा सफाइ कर्मचारीहरूले संयमित भएर कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले सेवा निवृत्त कर्मचारीहरूलाई अवकाशपछि सुखमय जीवनको कामना गर्दै कार्यरत कर्मचारीले सदाचार, अनुशासित र कर्तव्यनिष्ठ भई आ-आफ्नो भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले सेवा प्रवाहलाई छिटो छरितो र चुस्त बनाउन कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण र ध्यान दिनुपर्नेबारे चर्चा गर्नुभयो ।

# नयाँ वर्ष विगतको जस्तो निरासाजनक नहोस्

भक्तपुर, ३० चैत । नयाँ वर्षको आरम्भसँगै नेपाली जनताले सुख, शान्ति र समृद्धिको कामना गर्दै स्वागत गरे । तर, सुख, शान्ति र समृद्धिको निम्ति स्वागत गरिएको नयाँ वर्ष धेरै बिते पनि जनता सुखी भएनन्, देश समृद्ध बनेन । यस नयाँ वर्षको अवसरमा सम्पूर्ण न्यायप्रेमी र देशभक्त जनतामा विदेशी हस्तक्षेप, सीमा अतिक्रमण र स्वाधीन तथा सार्वभौम देशमाथि भइरहेको आक्रमणको विरोधमा लड्ने थप बल मिलोस् । रास्वपाको नेतृत्वमा बनेको सरकारले बहुमत जनताको सेवा हुने ऐन कानुन बनाएर, निर्णय गरेर जनताको विश्वास जित्ने काम गरोस् । देशका तस्कर, भ्रष्टाचारी, कमिसनखोर, अपराधीहरू सबै कारबाहीको घेरामा परून् । समाजवादउन्मुख देश साँच्चै व्यवहारमा देख्न पाइयोस् । सत्तासीन दलका नेताहरूले देश र जनताकेन्द्रित रहेर काम गरून् । दलगत र व्यक्तिगत स्वार्थ छोडेर सरकारले आफ्नो काम कारबाही अगाडि बढाओस् ।

जो जहाँ रहे पनि सबैले आ-आफ्नो स्थान र क्षेत्रमा रहेर इमानदारीपूर्वक काम गर्ने वातावरण बनाइयोस् । न्यायप्रेमी जनताको सुख, समृद्धि र शान्तिको निम्ति सरकारले पहल गरोस् भन्ने कामना छ । नयाँ वर्ष विगतको जस्तो निरासाजनक नहोस्, उपलब्धिमूलक र उत्साहजनक होस् ।

# सर्वोच्च अदालतबाट दोषी ठहर भएका हजारौँ व्यक्ति फरार

पोखरा, ३० चैत (सेतोपाटी) । सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा दोषी ठहर भएका हजारौँ व्यक्ति फरार हुँदा फैसला कार्यान्वयनमा चुनौती देखिएको छ ।

यसरी फरार भएका दोषीहरूबाट गत पुस मसान्तसम्म १ लाख २३ हजार ८४१ वर्ष ५ महिना एक दिन कैद भुक्तान हुन बाँकी रहेको छ भने दोषीहरूबाट ३० अर्ब ९२ करोड ७७ लाख २६ हजार ३८४ रुपैयाँ जरिवाना असुल्न बाँकी रहेको सर्वोच्च अदालतले जनाएको छ ।

सर्वोच्चका सहरजिस्ट्रार सूर्यवंश शर्मा कँडेलका अनुसार अदालतबाट अन्तिम फैसला भएर दोषी ठहर भएका व्यक्ति फरार हुँदा त्यतिका कैद र जरिवाना असुल्न बाँकी रहेको हो । फैसला कार्यान्वयन गर्न नेपाल प्रहरीसहित सम्बन्धित निकायलाई बारम्बार पत्राचार गरे पनि अपेक्षित रूपमा सफलता हासिल गर्न नसकिएको उहाँले बताउनुभयो ।

अदालतको फैसलाअनुसार सरकारी बिगो २ अर्ब १६ करोड ८६ लाख २८ हजार ८२५ रुपैयाँ उठ्न बाँकी छ भने अपराध पीडितलाई क्षतिपूर्तिस्वरूप १ अर्ब ४५ करोड ८५ लाख ७२ हजार ९९२ रुपैयाँ भराउन बाँकी रहेको सहरजिस्ट्रार कँडेलले बताउनुभयो ।

एकातिर अदालतबाट दोषी ठहर भएका व्यक्तिहरू फरार हुँदा कैद सजाय र जरिवाना उठ्न सकेको छैन भने अर्कोतिर अदालतबाट वर्षौं पुराना मुद्दाको चाङ लागेको देखिन्छ ।

सर्वोच्च अदालतमा अहिले पनि ५ वर्ष नाघेका मुद्दा १ हजार ७५२ वटा र २ वर्ष नाघेका मुद्दा १० हजार ३०९ वटा रहेका छन् । देशभरका उच्च अदालत र जिल्ला अदालतहरूमा ५ वर्ष नाघेका मुद्दा बाँकी छैनन् भने २ वर्ष नाघेका मुद्दा उच्च अदालतहरूमा १८१ वटा र जिल्ला अदालतहरूमा ८ हजार ५०१ वटा रहेका छन् । उच्च अदालत पोखरामा २ वर्ष नाघेका मुद्दा २ वटा मात्र छन् भने जिल्ला अदालत कास्कीमा ५४ वटा रहेको कँडेलले बताउनुभयो ।

पुराना मुद्दा छिटो फछ्र्यौट गर्न सर्वोच्च अदालतदेखि उच्च र जिल्ला अदालतसम्म योजनाबद्ध रूपमा लागिपरेको उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा कास्कीका जिल्ला

*बाँकी पृष्ठ ८ मा*




**बिस्का: जात्रा तथा नव वर्ष २०८३ सालको अवसरमा देशभरका न्यायप्रेमी जनतामा सुख, शान्ति र समृद्धिको हार्दिक शुभकामना !**

**यस पत्रिकाका ग्राहक, पाठक, विज्ञापनदाता, समालोचक, लेखक, सञ्चारकर्मी, कर्मचारी, वितरक, राजनीतिक कार्यकर्ता, संवाददाता, शुभचिन्तक, उद्यमी, व्यवसायी, बुद्धिजीवी तथा सर्वसाधारण जनताको सुस्वास्थ्यको कामना । पत्रिका सञ्चालन र प्रकाशनमा यहाँहरूको सदा साथ र सहयोग रहिरहने आशा र विश्वास छ ।**

**मजदुर दैनिक परिवार**

कमलविनायक-१० भक्तपुर
०१-६६१०९२१, ६६२०५५९


**व्यङ्ग्यचित्र कुनो**





**बिस्का जात्रामा लिङ्गो ठड्याइँदै**

भक्तपुरको मध्यपुर थिमि नगरपालिका-८, बोदेस्थित महालक्ष्मी मन्दिर अगाडि बिस्का: जात्राको सुरूको दिन सोमबार ३२ हातको लिङ्गो ठड्याउने गुठीयार तथा स्थानीय । *तस्विर: रत्न श्रेष्ठ/रासस*

# विश्व सम्पदा सूचित रहेको भक्तपुर कला, संस्कृति र चाडपर्वमा धनी



भक्तपुर, ३० चैत । बाराही पीठ विकास समिति, बाराही स्थान, भक्तपुरको ११ औँ साधारण सभा चैत २८ गते भनपाका उपप्रमुख रजनी जोशीको आतिथ्यमा सम्पन्न भयो ।

उक्त सभामा अतिथि जोशीले विश्व सम्पदा सूचित रहेको भक्तपुर कला, संस्कृति र चाडपर्वको धनी र जीवन्त तथा सांस्कृतिक नगरी भएकोले यहाँको सम्पदालाई बचाइराख्नुपर्नेमा जोड दिनुभयो ।

वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले शिक्षा र सीपलाई निरन्तरता दिनुपर्ने उल्लेख गर्दै सम्पदा संरक्षणलाई जोड दिँदै आएको बताउनुभयो ।

वडा नं. ३ का वडाध्यक्ष राजकृष्ण गोराले विदेशी संस्कृति हाम्रो देशमा भित्रिरहेको तर्फ जनता सचेत हुनुपर्छ भन्नुभयो ।

समितिका लेखा परीक्षक श्यामप्रसाद मुनंकर्मीले समितिको हिसाब किताब पारदर्शी रहेको बताउनुभयो । समितिका उपाध्यक्ष सुनिता प्रजापति (अवाल) ले समितिले गरिरहेको गतिविधिबारे जानकारी गराउनुभयो ।

समितिका कोषाध्यक्ष कृष्णगोपाल चगुठीले आ.व. २०८१/०८२ को प्रतिवेदन पेस गर्नुभयो । समितिका सचिव शिवशरण भुजुले समितिको प्रतिवेदन पेस गर्नुभयो ।

कार्यक्रमका सभापति एवं समितिका अध्यक्ष अन्नतप्रसाद धौभडेलले साधारण सभा सफल बनाउन सहभागिता जनाउने सम्पूर्ण सदस्य तथा अतिथिलाई धन्यवाद व्यक्त गर्नुभयो ।

# जैविक विविधता रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन आगामी वैशाख ४ देखि

काठमाडौँ, ३० चैत । जलवायु परिवर्तनको असर न्यूनीकरण तथा वन्यजन्तु संरक्षण गर्ने उद्देश्यले आगामी वैशाख ४ देखि ६ गतेसम्म नेपालमा हुने 'जैविक विविधता रेडपाण्डा-थार अन्तर्राष्ट्रिय सम्मेलन' हुने भएको छ ।



सो सम्मेलनमा नेपाल, भारत, भुटान, बङ्गलादेश, संयुक्त राज्य अमेरिका, अष्ट्रेलिया र जर्मनीले सहभागिता जनाउने भएका छन् ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको आयोजनामा खोटाङको दिक्तेल बजारमा हुने उक्त सम्मेलनमा कोशी प्रदेश सरकार, वन्यजन्तु विभाग, वन तथा भूसंरक्षण विभाग, रेडपाण्डा नेटवर्कलगायत सङ्घसंस्थाको समन्वय र सहकार्य रहनेछ ।

विश्वमा जलवायु परिवर्तनमा आएको परिवर्तनका कारण वन्यजन्तु र जैविक विविधता सङ्कटमा परेको अवस्थामा नेपालमा हुने सम्मेलनले आवश्यक राष्ट्रिय नीति निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउँदै स्थानीय तहदेखि नै संरक्षण गर्नुपर्ने सन्देश प्रवाह गर्ने नगरप्रमुख तीर्थराज भट्टराईले जानकारी दिनुभयो ।

सम्मेलनमा अन्तरराष्ट्रिय तहबाट अन्य २३ मुलुकले सहभागिताका लागि प्रतिबद्धता जनाएको भए पनि मध्यपूर्वको युद्धका कारण सहभागी हुन नसक्ने पत्राचार गरेको उहाँले बताउनुभयो ।

सम्मेलनमा सहभागी मुलुकका प्रतिनिधिले १० वटा विषयगत कार्यपत्र प्रस्तुत गर्ने कार्यसूची छ । सरकारको सय वटा पर्यटकीय गन्तव्य सूचीमा पर्ने 'मुन्दुम ट्रेल' पदमार्ग जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यस्थलका रूपमा पर्दछ । करिब १०७ किलोमिटर लामो दूरीको पदमार्गको स्तरोन्नतिमा तीनवटै तहका सरकारको करोडौँ लगानीसमेत भइसकेको छ । यसको नजिकको जङ्गलमा रेडपाण्डा पाइने भएकाले रेडपाण्डा-थार पदमार्ग प्रवर्द्धन गर्ने नगरपालिकाको योजना छ ।

स्थानीय स्रोतको परिचालन गर्दै देश विकास गर्न सकिने सन्देश प्रवाह गर्न बाँस सम्मेलन सम्पन्न गरेको नगरपालिकाले स्थानीय स्वरोजगार, स्थानीय सीप र रैथाने सामग्रीको प्रवर्द्धनसमेत सम्मेलनमा गर्ने जनाएको छ ।

उक्त नगरपालिका-१० पाथेका र केपिलासगढी गाउँपालिका-१ फेदीमा समुदायमा आधारित रेडपाण्डा संरक्षण कार्यक्रम सञ्चालन गरिएको छ ।

**सर्वोच्च...**

न्यायाधीश हिमलाल बेलबासेले अदालतबाट दोषी ठहर भएका व्यक्तिबाट कैद र जरिवाना भुक्तानी गर्न राज्यले प्रदान गर्ने अन्य सेवा सुविधासँग जोड्नुपर्ने धारणा राख्नुभयो ।

उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा. रत्नबहादुर बागचन्दले न्यायका लागि आउने आम नागरिकले अदालतबाट दया र मायाको आशा राख्न नहुने बताउनुभयो ।

अदालतले कानुन अक्षरश: कार्यान्वयन गर्न र कानुनअनुसार न्याय निसाफको फैसला मात्र गर्न सक्ने भन्दै अभिभावकका रूपमा सरकारका अन्य निकायमा जान सुझाव दिनुभयो ।

नेपाल बार एसोसिएसन कास्कीका अध्यक्ष भगवती पहारीले न्याय क्षेत्र समन्वय समितिले देशभरका फैसला कार्यान्वयन एकाइलाई ध्यान दिनुपर्ने भन्दै फैसला कार्यान्वयनले मात्र पीडितले न्यायको अनुभूति गर्न पाउने बताउनुभयो ।

भीड जम्मा गरेर अदालतलाई प्रभावित पार्न खोज्ने दुष्प्रयास भइरहेको भन्दै उहाँले भीडले लखेटेका निमुखालाई न्याय दिन सक्नुपर्ने बताउनुभयो ।

# वीरेन्द्रनगरमा नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रम

वीरेन्द्रनगर, ३० वैशाख । नयाँ वर्ष २०८३ को अवसरमा शनिबार वीरेन्द्रनगरमा शुभकामना आदानप्रदान कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी प्रदेश समिति सदस्य एवम् जिल्ला समिति सुर्खेतका अध्यक्ष हरिबहादुर बोहराले बहुमत कामदार जनता सचेत नभएसम्म पुँजीपतिवर्ग फरक फरक रूपले आउने र कामदार जनतामाथि शोषण र शासन गर्ने बताउनुभयो ।

नेमकिपा प्रदेश समिति सदस्य धनेन्द्र विकले पुँजीवादी व्यवस्था रहेसम्म शोषण कायम रहने भएकाले कामदार जनता अधिकारका लागि सचेत र सङ्गठित हुनुपर्ने बताउनुभयो ।

नेमकिपा सुर्खेतका पूर्वअध्यक्ष बमबहादुर शाही, दीपक शाही, अक्कल राना, ऐनबहादुर शाही, गणेश खड्का, मानकुमारी शाही, इन्द्रप्रसाद न्यौपाने, महेन्द्र खड्का, खेमराज कडेल, मनबहादुर विक र अम्मर भण्डारीले शुभकामना मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रम नेमकिपा वीरेन्द्रनगर नगर समिति अध्यक्ष शेरबहादुर शाहीको अध्यक्षतामा भएको थियो ।

हार्दिक बधाई



लायन उत्तम प्रसाद कायष्ठ
डिष्ट्रिक्ट गभर्नर



लायन गोकुल प्रसाद प्रजापति
प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर



लायन अग्नि बिलास अधिकारी
द्वितीय भाईस डिष्ट्रिक्ट गभर्नर



लायन विजय हाछेथु
डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरी

लायन्स डिष्ट्रिक्ट ३२५ जी को चौथौँ वार्षिक महाधिवेशनबाट लायन वर्ष २०२६/२७ का लागि प्रथम भाईस डिष्ट्रिक्ट गभर्नर पदमा निर्वाचित यस क्लबका पुर्व अध्यक्ष लायन गोकुल प्रसाद प्रजापति, डिष्ट्रिक्ट गभर्नर निर्वाचित लायन उत्तम प्रसाद कायष्ठ, द्वितीय भाईस डिष्ट्रिक्ट गभर्नर निर्वाचित लायन अग्नि बिलास अधिकारी तथा डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरी मनोनित लायन विजय हाछेथु लाई क्लब परिवारको तर्फबाट हार्दिक बधाई अर्पण गर्दछौँ । लायन वर्ष २०२६/२७ मा यहाँहरुको नेतृत्व एवं सेवा कार्य अद्वितीय रहनेछ भन्ने विश्वासका साथ कार्यकाल भव्य रूपमा सफल रहोस भनि शुभकामना व्यक्त गर्दछौँ ।

लायन राजेश वासुकला
अध्यक्ष
तथा लायन्स क्लब अफ भक्तपुर अरनिको परिवार

## सङ्क्षिप्त समाचार

### उपसभामुख ठाकुरद्वारा पदभार ग्रहण

काठमाडौँ, ३० चैत । प्रतिनिधिसभाका उपसभामुख रुबीकुमारी ठाकुरले सोमबारदेखि पदभार ग्रहण गर्नुभएको छ ।

यही चैत २७ गतेको प्रतिनिधिसभा बैठकबाट सो पदमा निर्वाचित उपसभामुख ठाकुरले सिंहदरबारस्थित कार्यालयमा पुगेर पदबहाली गर्नुभएको हो । उपसभामुख ठाकुरले सोमबारै सभामुख डोलप्रसाद अर्यालसँग पहिलो औपचारिक भेट गर्नुभयो । सभामुख अर्यालले उपसभामुख अर्याललाई बधाई र शुभकामना दिनुभएको सभामुखको सचिवालयले जनाएको छ । ***रासस***

### कोरलानाकामा जिप दुर्घटनामा चालक घाइते

मुस्ताङ, ३० चैत । काठमाडौँ पोखरा हुँदै मुस्ताङको नेपाल-चीन उत्तरी कोरलानाकातर्फ जाँदै गरेको ग१च २२५५ नम्बरको 'टोयटा हायस जिप' दुर्घटना हुँदा काठमाडौँ तारकेश्वर नगरपालिका-५ टोखा निवासी जिप चालक ३१ वर्षीय नागमिन सुब्बा घाइते भएका छन् । जीपमा चालकसहित पाँच जना यात्रु सवार रहेको बताइएको छ ।

कोरलानाका नजिकै अनियन्त्रित भई आज बिहान जीप दुर्घटना भएको सशस्त्र प्रहरी बल नेपाल ३३ गुल्मका गणपति प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार कोरलानाकास्थित एक किलोमिटर दक्षिणको भिरालो सडकमा सवारी दुर्घटना भएको हो । घाइते चालक सुब्बालाई सशस्त्र प्रहरीद्वारा कोरलानाकाबाट उद्धार गरी जोमसोम अस्पतालतर्फ ल्याउँदै गरेको सशस्त्र प्रहरी नायब उपरीक्षक गिरीले जानकारी दिनुभयो । ***रासस***



**हावाहुरीका कारण मकैबालीमा क्षति**

सुनसरीको इनरुवा नगरपालिका-४ स्थित मकैबालीमा दुई दिनअघिको हावाहुरी तथा असिनाले पुर्‍याएको क्षति । डेढ लाख रुपैयाँ लगानी गरेर दुई बिघा जमिनमा लगाएको मकै असिना र हावाहुरीले क्षति गरिदिएको किसान दिनानाथ पण्डितको भनाइ छ । *तस्बिर: नवीन गड्तौला/रासस*

# डुङ्गाको सहायतामा नदी तर्नुपर्ने बाध्यता अन्त्य हुँदै

टीकापुर, ३० चैत । कैलाली र बर्दिया जिल्ला जोड्ने कर्णाली नदीस्थित सनकट्टी घाटमा पुल निर्माण अन्तिम चरणमा पुगेको छ ।

विक्रम संवत् २०८३ असोज १७ गतेसम्म पुल निर्माणको काम सक्ने गरी नेपाल सरकारसँग निर्माण कम्पनीसँग सम्झौता भएको र सम्झौता मिति अगाडि नै पुल निर्माण सक्ने गरी काम भइरहेको निर्माण कम्पनीका इन्जिनियर धिरेन्द्र सहनीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विसं २०७९ पुस महिनामा सम्झौता भएर सर्वेक्षणपछि २०८० मा निर्माण काम सुरु गरेका हौँ, असोजसम्म म्याद भए पनि असार अन्त्यसम्म काम सकेर सरकारलाई बुझाउने गरी काम भइरहेको छ । सम्झौता मितिभन्दा अगावै नै काम सक्छौँ ।"

चौध पिलरको पुलका सबै पिलर बनिसकेका छन् भने अहिले १२ औँ स्पानमा काम भइरहेको छ । अबको १५ दिनभित्र त्यो पनि सकेर १३ औँ स्पानको काम सुरु हुने गरी काम भइरहेको उहाँको भनाइ छ । स्पानसँगै कैलालीतर्फको भागमा तटबन्धको काम पनि सँगसँगै भइरहेको छ ।

पुलको काम अन्तिम चरणमा पुग्नै लाग्दा अहिले नदी वारपार गर्ने मानिसहरू आधा पुल र आधा नदीको बाटो प्रयोग गरेर नदी वारपार गरिरहेका छन् । नदीको पानी 'डाइभर्सन' गरिएकाले पहिलेको जसरी डुङ्गाको सहायतामा नदी पार गर्नुपर्ने अवस्था नागरिकको अहिले नै टरेको छ । आफ्नै सवारीसाधन प्रयोग गरेर नदी वारपार गरिरहेका कैलालीको टीकापुरका भरत विकले बताउनुभयो । उहाँले भन्नुभयो, "रकम तिरेर डुङ्गाको सहायतामा नदी तर्नुपर्ने बाध्यता थियो, अब टरेको छ । यो पुल निर्माण सकिएमा कैलाली र बर्दियाका नागरिकलाई धेरै राहत हुन्छ ।"

अर्का नागरिक जनकबहादुर विष्टलाई पनि पुल निर्माणको काम अन्तिम चरणमा पुग्दै गर्दा आफ्नै सवारीसाधन चलाएर नदी पार गर्न पाउँदा निकै खुसी लागेको छ । उहाँ भन्नुहुन्छ, "हामी कैलालीका नागरिक अधिकांशको खेतीपाती बर्दियामा छ, नियमितजसो आउजाउ गर्नुपर्ने बाध्यता छ । विगतमा पुल नहुँदा निकै कठिनाइ झेलेका छौँ, अब ढुक्कले वारिपारि गर्न पाइने भयो ।"

कैलालीका नागरिकको खेतीपाती बर्दियामा छ भने बर्दियाका नागरिक किनमेल र उपचारका लागि टीकापुर जाने गर्दछन् । पुलले दुवै जिल्ला मात्र नभई सुदूर र लुम्बिनी प्रदेशलाई नै जोड्ने भएकाले सहज भएको स्थानीय झपट कडायत बताउनुहुन्छ । उहाँ भन्नुभयो, "डुङ्गाको यात्रा गर्न डर लाग्ने भएकाले सत्ती पुल हुँदै आउजाउ गर्ने गर्थे । अब बर्दिया आउजाउ गर्दा २० किलोमिटर दूरी कम हुनेछ ।"

बर्दियाको गेरुवा गाउँपालिका-१ सर्खोलका करण चौधरीलाई पनि अहिले कैलाली र बर्दिया आउजाउ गर्न सहज भएको छ । पहिले एकतर्फी डेढ दुई घण्टा समय लाग्ने गरेको र अहिले एक घण्टामै दुईतर्फीको यात्रा सकिने गरेको छ । उहाँ भन्नुहुन्छ, "पुल पूर्ण नहुँदै यसरी सहज रूपमा नदी वारपार गर्न पाएकामा धेरै सुविधा भएको छ । आउँदो बर्खा अगाडि नै पुल निर्माण सम्पन्न होस् र सहज रूपमा ठूला सवारीसाधन पनि चल्ने वातावरण बनोस् ।"

रु. एक अर्ब १८ करोड लागतमा निर्माण भइरहेको पुलको लम्बाइ ७५२ मिटर रहेको छ भने पुलको चौडाइ ११ मिटर जसमा ७ दशमलव ५ मिटर गाडी हिँड्ने र बाँकी दुवैतर्फ पैदल यात्रुका लागि फुटपाथ रहेको छ ।

निर्माण कम्पनीले सरकारसँग २०८३ असोज १७ गतेभित्र पुल निर्माण काम सक्नेगरी २०७९ पुस १७ गते सम्झौता गरेको थियो । सम्झौताअनुसार पुल निर्माणसँगै पुलको दुवैतर्फ ५०० मिटर पहुँच मार्ग र दुवैतर्फ एक हजार १५ मिटर नदी नियन्त्रणको काम पनि गरिरहेको छ ।

यसअघि यी दुई जिल्लाका मानिसले चिसापानीस्थित कर्णालीको पुल र हुलाकी राजमार्गको सत्ती घाटको पुल विकल्पका रूपमा प्रयोग गर्दै आएका थिए । यो पुल निर्माण भएसँगै अब कैलाली र बर्दिया जोड्ने कर्णाली नदीमा तीन वटा पुल हुनेछन् । २०५० सालमा सुदूरपश्चिमको प्रवेशद्वारका रूपमा कर्णाली चिसापानीमा निर्माण भएको पुल र २०७३ सालमा टीकापुर र राजापुर नगरपालिकालाई जोड्ने कर्णाली नदीकै सत्तीघाटमा पुल सञ्चालनमा छन् । ***रासस***

# अधिकांश सेवालाई निःशुल्क गरिएपछि बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल आर्थिक समस्यामा

चितवन, ३० चैत । बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताललाई आर्थिक समस्या परेको छ । धेरैजसो सेवा निःशुल्कसँगै सेवा विस्तार गरेको सरकारी अस्पतालमा आर्थिक समस्या परेको हो । आर्थिक अभावका कारण निवृत्त भएका कर्मचारीले उपदान पाउन सकेका छैनन् ।

अस्पतालले निःशुल्क शय्या, बिरामीलाई निःशुल्क खानाको व्यवस्था गरेको छ भने शय्या अभाव हुँदै गएपछि विस्तार गरेको छ । देशको क्यान्सर उपचारको केन्द्र रहेको यस अस्पतालमा सरकारी निकायहरूबाट भुक्तानी पाउन नसक्दा आर्थिक समस्या परेको हो ।

अस्पतालका कार्यकारी निर्देशक डा. शिवजी पौडेलका अनुसार सरकारका विभिन्न निकायबाट अस्पताललाई रु. ४१ करोड ६७ लाख ५० हजार भुक्तानी हुन बाँकी छ । यसमध्ये सबैभन्दा बढी स्वास्थ्य बीमा बोर्डबाट रु. २५ करोड ८८ लाख, सङ्घीय सरकारको विपन्न उपचारबापत रु. १२ करोड ६७ लाख, विपन्नअन्तर्गत वाग्मती प्रदेशको रु. ६२ लाख २५ हजार, लुम्बिनी प्रदेशको ९९ लाख १८ हजार र गण्डकी प्रदेशको रु. १५ लाख नौ हजार भुक्तानी पाउन बाँकी छ ।

भुक्तानी नपाउँदा अस्पतालले तिर्नुपर्ने दायित्व पनि बाँकी रहेको छ । कार्यकारी निर्देशक डा. पौडेलका अनुसार स्पतालले तलब भत्ता, कर्मचारी सञ्चयकोष, नागरिक लगानी कोषसहित नियमित मर्मतसम्हारलगायत विभिन्न निकायलाई भुक्तान गर्नुपर्ने रु. १९ करोड १७ लाख १५ हजार बाँकी छ ।

यसबाहेक फार्मेसीमा औषधि खरिद गरेको रु. नौ करोड ७७ लाख भुक्तानी गर्न बाँकी छ । चालु आर्थिक वर्षमा निवृत्त भएका १८ जना कर्मचारीको रु. चार करोड ५७ लाख उपदान रकम अस्पतालले भुक्तानी गर्न सकेको छैन ।

अस्पतालको मौज्दात खातामा रु. आठ करोड २८ लाख रहेको छ । जुन रकम तलब र कर्मचारीको तीन महिनाको पठाउन बाँकी नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषमा पठाउँदा सकिने अवस्था छ । बाँकी भुक्तानी गर्न नसक्दा नियमित अस्पताल सञ्चालनमा कठिनाइ भएको उहाँले बताउनुभयो ।

उपकरणको नियमित मर्मतसम्हार, अत्यावश्यक खरिद, औषधि खरिदजस्ता कामलाई नियमितता दिन अप्ठ्यारो भएको उहाँले बताउनुभयो । अस्पतालमा मासिक तलब भत्ता मात्रै रु. पाँच करोड हाराहारी हुने गर्दछ । यहाँ ९५ चिकित्सकसहित ७१३ जना कर्मचारी कार्यरत रहेका छन् ।

अस्पताल सञ्चालनका लागि सरकारले कर कोषबाट चालु आवमा रु. २४ करोड १७ लाख आठ हजार बजेट दिएको थियो । अस्पतालमा कार्यकार चिकित्सक कर्मचारीका लागि तलब भत्तामा मात्रै वार्षिक रु. ६० करोडभन्दा बढी खर्च हुन्छ । अन्य अस्पतालकै आम्दानीबाट चल्ने गरेको छ । भौतिक पूर्वाधार र ठुला उपकरण खरिदका लागि सरकारले छुट्टै विभिन्न शीर्षकमा बजेट विनियोजन गर्ने गर्दछ ।

अस्पतालले हरेक वर्ष सेवासुविधा विस्तारसँगै आम्दानी बढाउँदै लगेको छ । पौडेलका अनुसार तीन वर्षअघि वार्षिक रु. ४८ करोड आम्दानी गरेको अस्पतालले आर्थिक वर्ष २०८०/८१ मा रु. ५८ करोड र गत आर्थिक वर्ष २०८१/०८२ मा रु. ७४ करोड ९६ लाख आम्दानी गरेको छ ।

बिरामीको सङ्ख्या बढेसँगै आम्दानी बढेको हो । आर्थिक वर्ष २०७९/०८० मा एक लाख ६६ हजार २००, २०८०/८१ मा एक लाख ८८ हजार ५१४ र गत आर्थिक वर्षमा दुई लाख नौ हजार ५९४ बिरामीले सेवा लिएका छन् । जसमध्ये आर्थिक वर्ष २०७९/८० मा चार हजार ९७ जनाको शल्यक्रिया गरिएको छ । आर्थिक वर्ष २०८०/८१ मा चार हजार १६५ र गत आर्थिक वर्षमा ६ हजार बढी शल्यक्रिया भएका छन् ।

अस्पतालमा अत्यावश्यक मानिएको सिटी गरिएको सङ्ख्या हरेक वर्ष बढ्दै गएको छ । गत आर्थिक वर्षमा १३ हजार ४७९ जनाले सिटी गरेका छन् । यो सङ्ख्या २०८०/८१ मा १२ हजार ३९० र २०७९/८० मा १० हजार ९२० रहेको थियो । गत वर्षदेखि सुरु गरिएको मेमोग्राम ९५१ जनाले सेवा लिएका छन् ।

अस्पतालमा दैनिक एक हजार दुई सय हाराहारी बिरामी सेवा लिन आउने गर्दछन् । क्यान्सर बिरामीका लागि दिइने डे केयर सेवामा १३ शय्या थप गरिएको छ । यससँगै तीन वर्षअघि २० हजार ३५४ जनाले एक वर्षमा यो सेवा लिएकोमा गत आर्थिक वर्षमा २९ हजार ४२१ जनाले सेवा लिएका छन् ।

कार्यकारी निर्देशक पौडेल आफ्नो तेस्रो वर्ष कार्यकाल सकिनै लाग्दा न्यून बजेट र साधनस्रोतमा अधिकतम काम गर्न सफल भएको बताउनुहुन्छ । सेवा सुविधा विस्तार गरेसँगै आम्दानी बढेको भन्दै उहाँले सरकारी निकायबाट आउने भुक्तानी आएमा सञ्चालनमा सहजता हुने बताउनुहुन्छ ।

यही चैत १८ गते अस्पतालका अध्यक्ष डा. विजय न्यौपानेको कार्यकाल सकिएपछि अध्यक्ष पद रिक्त छ । जसका कारण अस्पतालको आर्थिक कारोबारमा समस्या भएको छ ।

उहाँले सेवाग्राहीको चाहनाअनुसार पूर्ण रूपमा काम गर्न कठिन भए पनि विगतका वर्षको तुलनामा सेवामा निकै सुधार भएको दाबी गर्नुभयो । ***रासस***

# सलहेश फूलबारी मेलामा भक्तजनको चहलपहल

सिरहा, ३० चैत । नयाँ वर्षको अवसर पारेर प्रत्येक वर्ष वैशाख १ गते आयोजना हुने लहानस्थित ऐतिहासिक तथा धार्मिक स्थल सलहेश फूलबारी मेलामा भारतीय श्रद्धालुहरूको आगमन सुरु भएको छ । मेला सुरु हुनुभन्दा दुई दिनअगावै भक्तजनहरूको चहलपहल बढ्न थालेको हो ।

लहान नगरपालिका-१२ र २२ मा अवस्थित सलहेश फूलबारीमा नयाँ वर्षको दिन मात्र फुल्ने विश्वास गरिने माला आकारको सुनाखरी फूल अवलोकन गर्न तथा पूजाअर्चना गर्न नेपाल र भारतका विभिन्न स्थानबाट हजारौँ श्रद्धालु आउने गर्छन् ।

मेला व्यवस्थापन समितिका अध्यक्ष दशमीलाल चौधरीका अनुसार मन्दिरअगाडि रहेको हारमको रूखमा यस वर्ष पनि सुनाखरी फूल फुल्न सुरु गरेको छ ।

तर, फक्रिन बाँकी रहेको छ । करिब नौ बिघा क्षेत्रफलमा फैलिएको फूलबारी क्षेत्रमा अहिले नै भक्तजनहरू आउने क्रम जारी रहेको उहाँले जानकारी दिनुभयो ।

श्रद्धालुहरू दिनरात फूलबारी परिसरका रूखमुनि पाल टाँगेर बस्न थालेका छन् । बढ्दो पर्यटकको सङ्ख्यासँगै यहाँ पूर्वाधारको अभाव खड्किएको छ । स्थानीय वीरेन्द्र चौधरीले श्रद्धालु भक्तजनका लागि व्यवस्थित धर्मशालाको अभाव रहेको गुनासो गर्नुभयो ।

लोकगाथाअनुसार महिषोथा (सिरहा) मा जन्मिएका लोकनायक राजा सलहेशको प्रेमस्थलका रूपमा यस फूलबारीलाई लिइन्छ । राजा सलहेश र उनको प्रेमिका मालिनीको प्रेमको प्रतीकका रूपमा सुनाखरी फूललाई मानिन्छ ।

चौधौँ शताब्दीका लोकनायक राजा सलहेशको वीरता, साहस र प्रेमसँग सम्बन्धित गाथाको स्मरणमा हरेक वर्ष वैशाख १ गते यहाँ मेला आयोजना गरिन्छ । तराई क्षेत्रमा पासवान समुदायका इष्टदेव मानिने सलहेशको पूजा गर्दा सन्तान प्राप्ति तथा विभिन्न रोगबाट मुक्ति पाइने जनविश्वास रहेको छ ।

सरकारले यस क्षेत्रलाई नयाँ पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरे पनि ठोस विकास हुन नसकेको सरोकारवालाहरू बताउँछन् । जिल्ला उद्योग वाणिज्य सङ्घ सिरहा र लहानका अध्यक्ष प्रदीपकुमार गुप्ताले तीनै तहका सरकार तथा सरोकारवाला निकायले एकीकृत गुरुयोजना बनाएर काम गर्न सके यस क्षेत्रलाई अझ आकर्षक धार्मिक पर्यटकीय केन्द्र बनाउन सकिने बताउनुभयो । ***रासस***

**। सम्पादकीय ।**

# नयाँ वर्ष के उपलब्धिमूलक होला ?

आज मङ्गलबारदेखि २०८३ साल सुरु भयो । नयाँ वर्ष प्रारम्भको पूर्वसन्ध्यामा शुभकामना आदानप्रदान पनि भयो । तर, गएको वर्ष निराशा रह्यो । देश र जनताको पक्षमा उत्साहजनक काम खासै भएन । गएको वर्ष आशालाग्दो र उपलब्धिमूलक भएको भए आउने वर्षमा पनि आशाका किरण घर आँगनमा छाउँथ्यो र जनता खुसी हुन्थे । सरकारले देशका माफिया, तस्कर, भ्रष्टाचारीलाई ठेगान लगाउने भनी भ्रष्टाचारसम्बन्धी केही फाइल खोलेर कारबाहीको प्रक्रिया अघि बढाए पनि बदनाम हुने धेरै काम भयो । अनेक काण्ड र अपराधमा संलग्न व्यक्तिहरूको खोल्नुपर्ने फाइल अहिले पनि कति छन् कति ! के सरकारले यी सबै फाइल सार्वजनिक गरेर कारबाहीको प्रक्रिया अघि बढाउला ? दोषीमाथि कारबाही गर्न सरकार अघि बढ्ला ?

यो वर्षको जेन-जी आन्दोलनमा ७६ जनाको ज्यान गयो । देशका सम्पदाहरू सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालतलगायतका सयौँ भवनहरू खरानी भए । त्यसको कारण अन्तरिम सरकार गठन भयो । प्रतिनिधिसभाको निर्वाचन भयो । पुराना शासकहरू हारे । रास्वपाको नेतृत्वमा सरकार बन्यो । सरकारले राजनीतिक दलको वर्गीय सङ्गठन खारेज गर्ने अव्यवहारिक निर्णय गऱ्यो । एसईईको कापी परीक्षा केन्द्रमै परीक्षण गर्ने काम भयो । यसै वर्ष राजावादीहरू आन्दोलनमा उत्रे ।

गएको वर्ष अस्थिर राजनीतिको वर्ष भयो । सत्ताको खेल चलिरह्यो । भागबन्डामा अल्झिरह्यो । शासकहरूले एकले अर्कोलाई विश्वासघात गरिरहे, जनतामाझ गरिएको प्रतिबद्धता उल्लङ्घन गरे । यो राजनीतिक बेइमानी हो । देश हाँक्न बनेको सरकारले जनतामा विश्वास र भरोसा जगाउन सकेन । सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत बनाउन र जीवन पद्धतिको रूपमा विकास गर्नुको सट्टा बदनाम गरेर देशका प्रतिक्रियावादी र सामन्तहरूलाई गतिविधि गर्ने मौका सरकारले दियो । सरकार गठन र विघटनमा लाग्दालाग्दै देशलाई समृद्धि बनाउने र सुशासन ल्याउने शासकहरूको ध्यान ओझेलमा पऱ्यो । प्रदेश सरकारको कुरा त लेखाजोखा गर्ने ठाउँ नै छैन । निर्वाचनमा जनतामाझ गरेका प्रतिबद्धता र चुनावी घोषणापत्र नारा र कागजमा मात्र सीमित भयो । गठबन्धन जोगाउन र भत्काउन केन्द्रित अस्थिर सरकारले विकासको मुहान फुटाउनु पनि कसरी ! शासक दलका नेताहरूको कुरा सुन्दा देशभरिका भ्रष्टाचारी, तस्करहरू कारबाहीमा पर्ने भो भन्ने विश्वास लाग्थ्यो । तर, समय बितेसँगै ती भ्रष्टाचारका काण्डहरू सेलाउँदै जान्थे । हल्ला गर्ने तर कार्यान्वयन नगर्ने राजनीति हल्लाको राजनीति हो । जनतालाई आश्वस्त पार्ने हल्लाको राजनीति अर्को बेइमानी राजनीति हो ।

पशुपतिनाथको जलहरी, मेलम्ची खानेपानी आयोजना, वाइडबडी जहाज खरिद, ललिता निवास, छायाँ सेन्टर, भुटानी शरणार्थी प्रकरणको मुद्दा अघि बढेको देखिँदैन । सार्वजनिक भएका ती मुद्दाहरू ठुलालाई चोख्याउने र कमजोरलाई मुद्दा चलाउने राजनीतिक विश्लेषकहरूको तर्क गलत होइन । मिटरब्याज, सहकारी किसानको दूध बक्यौता भुक्तानी र बचतको रकम लिएर भागेका, बेपत्ता भएका ठग व्यवस्थापक या प्रबन्धकहरूलाई पनि सरकारले ठाउँमा ल्याउन सकेको छैन । प्रक्रिया अघि बढाएको भनी गर्व गर्नुको सट्टा कारबाही गरेर देखाउनु बुद्धिमानी हुनेछ । सुशासन र कानुनी शासन भनी खोक्ने सरकारले भ्रष्टाचार, अनियमितता र ज्यान मुद्दामा कैद सजाय पाएकाहरूलाई मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मिनाहा दिए । जनताको व्यापक विरोध हुँदाहुँदै संसद्द्वारा नागरिकता ऐन २०६३ को संशोधन विधेयक पारित गरियो । विदेशीलाई पनि सजिलैसँग वंशजको आधारमा नेपाली नागरिकता दिने व्यवस्था गरेर देशलाई दूरगामी असर पार्ने काम सरकारले गऱ्यो ।

सरकारले संसद्मा शिक्षा विधेयक दर्ता गरेर शिक्षकहरूको मानव अधिकार र वाक् स्वतन्त्रतामा बन्देज लगाउने कामले देशभर शिक्षक आन्दोलन भयो । शिक्षकहरूले सरकारलाई खबरदारी गरे । ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको भ्रष्टाचारसम्बन्धी सूचाङ्कमा नेपाल पनि बढी भ्रष्टाचार हुने सूचीमा पऱ्यो । सुन काण्डमा पूर्वसभामुख कृष्णबहादुर महरा र पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका छोरा दिपेश पुन पक्राउमा परे । उखु कृषकहरूको समस्या र मिटरब्याज पीडितको समस्या पनि टालटुलजस्तै रह्यो । यसरी देशमा राम्रोभन्दा नराम्रो काम बढी भयो । देश र जनताको चाहना पूरा हुनुभन्दा शासक र ठुला दलका नेताहरू दलगत र व्यक्तिगत स्वार्थमै फसे । मुलुकको हित र स्वार्थमा सरकार लागेको देखिँदैन । सरकारको विगतको यो घटनाले आगामी वर्ष के सुखद होला ? के देश र जनताको हितमा केन्द्रित रहेर सरकार अघि बढ्ला ? विचारणीय छ । शासकहरू देश र जनताप्रति समर्पित र जवाफदेही नभएसम्म, इमानदारीपूर्वक राजनीति नथालेसम्म देशको मुहार फेर्न सम्भव छैन ।

# 'सय वर्षपछिको भक्तपुर' तेस्रो संस्करणबारे सङ्क्षिप्त चर्चा

✍ लक्ष्मण जोशी




'सुँगुरको खोरजस्तो भक्तपुर' शीर्षकको समाचार पढेका धेरैलाई 'सय वर्षपछिको भक्तपुर' पुस्तक पढ्दा सम्भव होला र भन्ने लाग्छ । जीवित सङ्ग्रहालय, नाचगानको राजधानी, कला-संस्कृति र सम्पदामा धनी भए पनि उचित संरक्षण नहुँदा त्यस्तो आशङ्का अस्वाभाविक थिएन । तर, 'सय वर्षपछिको भक्तपुर' ले उत्साह, उत्प्रेरणा र मार्ग दर्शन गरेपछि भक्तपुरले आज काँचुली फेरेको छ । भक्तपुरले शिक्षाको केन्द्र, पर्यटकीय गन्तव्य, सफा र सुसंस्कृत नगरको उद्देश्य बोकेर अगाडि बढिरहेको सर्वत्र चर्चाको विषय बनेको छ । त्यसैले 'सय वर्षपछिको भक्तपुरलाई भक्तपुर नपाले आफ्नो मार्ग दर्शक भन्दै पूर्वाधार तयार गरिरहेको हामी सबैले देखिरहेका छौँ ।

'सय वर्षपछिको भक्तपुर' वास्तवमा भक्तपुर नपाको मार्गदर्शक मात्र होइन कार्ययोजना भने पनि फरक पर्दैन जस्तो लाग्छ । भक्तपुर नपाका थुप्रै क्रियाकलाप पुस्तकमा वर्णित उत्कृष्ट नगर बनाउनमा केन्द्रित देखिन्छ । पुस्तकका स्रष्टा अध्यक्ष बिजुक्छेँले भन्नुभएझैँ देशकै सानोमध्येको एक भक्तपुरलाई 'टेस्ट टुयुब' को रूपमा विकास गरे देशका अन्य भागका कला-संस्कृति, सम्पदाको विकास गर्न एउटा खाका बन्ने छ । यसले समग्रमा विश्व मानचित्रमा नेपाल एक प्रतिष्ठित देशको रूपमा स्थापित गर्न सहयोग पुग्छ । तसर्थ, यो पुस्तक केवल भक्तपुरको लागि होइन देशकै लागि हो । यसमा वर्णित विषयवस्तुले समग्र देशकै लागि मार्ग दर्शन गरेको छ भन्दा अत्युक्ति हुँदैन ।

यसैक्रममा भक्तपुरलाई सांस्कृतिक नगर घोषणा गराउन धेरै समयदेखि प्रयास भइरहेको छ । तर, सरकारमा जाने र बस्नेहरूलाई त्यसबारे ज्ञान नभएर हो वा अन्य कारणले प्रयास सफल भएको छैन । त्यसो त कतिपय संस्कृतिविद्, सम्पदाविद् र पुरातत्त्वविद्हरू सरकारले घोषणा गरे पनि नगरे पनि भक्तपुर सांस्कृतिक नगर नै हो भनी उत्साह प्रदान गर्छन् । भक्तपुर नपाले देश र जनताको हितमा काम गर्न खोज्दा सिंहदरबारलाई प्राय: टाउको दुख्ने गरेको देखिन्छ । भक्तपुर नपाले कलेज सञ्चालन गर्न खोज्दा पनि उनीहरूले अनावश्यक ठानेका थिए । आज ख्वप सर्कलले ख्याती पाउन थालेपछि आफ्ना सन्तानको लागि त्यहाँ भर्ना खोजेको पनि सुनिएको छ । ख्वप विश्वविद्यालयको सन्दर्भमा त धेरै वटा सरकार आए - गए तर अझै 'माछा माछा भ्यागुतो' नै छ ।

भक्तपुर नपाले राम्रो काम गर्न खोज्दा विलम्ब गर्ने, बाधा दिने, भ्रम फैलाउने काम शासक दलका नेता-कार्यकर्तादेखि उच्चाधिकारीहरूले पटक-पटक गरेका छन् । विगतमा राष्ट्रिय सम्पत्ति सम्पदा जीर्णोद्धार र पुन: निर्माणको लागि कर छुटको काठ खोज्दा एक पुरातत्त्वविद् हाकिमले सबैले त्यस्तै माग गरे के गर्ने भने र जवाफ दिएका थिए । तर, हरियो वन तस्करको धन रोक्न तिनीहरूको ध्यान गएन ।


त्यस्तै, पर्यटक सेवा शुल्क लगाउँदा पनि तत्कालीन मन्त्रीले नपा नै विघटन गरिदिने धम्की दिएका थिए । केही पर्यटन व्यवसायी र पथ प्रदर्शकले भक्तपुरलाई कीर्तिपुर बनाइदिने भनी पर्यटकहरूलाई बिच्काउने प्रयास गरेका थिए । तर, आज भक्तपुरले सुरुआत गरेको पर्यटन शुल्क धेरै ठाउँमा लगाइएको छ । भक्तपुर नपाले लगाएको पर्यटक सेवा शुल्कको अधिकतम सदुपयोगले भक्तपुर आज शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, कला-संस्कृतिका संवर्द्धन, सफाइ, सीपमूलक र भाषा तालिम, पर्यटन उद्योगको विकासमा सहयोग पुगिरहेको छ ।

भक्तपुरलाई सांस्कृतिक नगर घोषणाको सन्दर्भमा पनि भक्तपुरलाई खोर बनाउने भयो, ढुङ्गेयुगमा फर्काउन खोजेको जस्तो भ्रम फैलाएका थिए । तर, सांस्कृतिक नगरको लागि पूर्वाधारहरू बन्दै गएपछि नगर र नगरवासीको व्यापक हित देखिन थालेको छ । बाधा अड्चनलाई पन्छाउँदै, भ्रमहरूलाई चिर्दै अगाडि बढेको कारण भक्तपुरका सुनसान गल्लीहरूमा समेत पर्यटकहरूको घुइँचो देखिन थालेको छ । मौलिक उत्पादनका बजार विस्तार भएको छ; भाषा, सीपमूलक तालिम, बाजा-गाजाको तालिम लिन नगरवासीहरू उत्साहित भएका छन् ।

'सय वर्षपछिको भक्तपुर'लाई मार्गदर्शकको रूपमा लिएर भक्तपुरमा जे राम्रा कार्यहरू भइरहेका छन् । त्यसप्रति पूर्वाग्रह राख्नेहरू पनि नदेखिएका होइनन् । ती पूर्वाग्रहीहरू के ठान्दछन् भने सबै राम्रो काम नेमकिपालाई निष्कन्टक गर्न दिए हामी के गर्ने ? भन्न मन लाग्छ, सत्तामा जाने दलहरूले बग्रेल्ती काण्डहरू गरेका छन्; काण्ड नगर्ने नेमकिपाको खुट्टा तान्ने काम नगरे पुग्छ । नेमकिपाले जाने बुझेसम्म जस खोज्न, पुरस्कृत हुन होइन देश र जनताको नि:स्वार्थ सेवा गर्न समर्पित भएर काम गरिरहेको छ । त्यसैले 'सय वर्षपछिको भक्तपुर' ले मार्ग दर्शन गरेअनुरूप भक्तपुर नपाले काम गर्दै जाने आशा र विश्वास छ । निश्चय पनि समय लाग्छ । तर, शिक्षा र संस्कृतिको केन्द्र, पर्यटकीय गन्तव्य, सभ्य र सुसंस्कृत नगर बनाउने उद्देश्यमा रतिभर विचलित नभई अग्रसर हुनेछ र सफल होस् भन्ने शुभकामना छ ।

भक्तपुर नपाबाट प्रकाशित तेस्रो संस्करणमा केही नयाँ तस्बिरका साथै केही छानिएका सन्दर्भ सङ्ग्रहित गरिएको छ । यसबाट स्रष्टाको विचारको सान्दर्भिकतालाई विभिन्न कोणबाट पुष्टि गरेको छ; थप उत्साहित र उत्प्रेरणा दिएको छ । छोटो शब्दमा पुस्तक थप पठनीय र सङ्ग्रहणीय बनेको छ । यसको निम्ति प्रकाशक भक्तपुर नपालाई धन्यवाद दिनैपर्छ ।

अन्तमा, श्रद्धेय श्रष्टा अध्यक्ष बिजुक्छेँको दूरद्रष्टा र विचारोत्तेजक रचनाप्रति आभार व्यक्त गर्दै आगामी समयमा यस्तै मार्गदर्शन गर्ने रचनाको आशा गर्दै भनाइ यही विसर्जन गर्ने अनुमति चाहन्छु ।



# च्याट जीपीटीबाट मानव समाजमाथि खतरा छ ?–१

सनी

च्याट जीपीटी नामक सफ्टवेयर बजारमा आउनासाथ मेसिनले मान्छेलाई दास बनाउनेछ भनेर हल्ला चलेको छ। यस हल्लाभित्र यो सफ्टवेयर बनाउने निर्माता कम्पनी 'ओपन एआई' को अर्थराजनीति पनि घुसेको छ। यो जानीबुझी तयार गरिएको विज्ञापन नीति पनि थियो। यसैकारण एकाएक अखबारहरू, टीवी च्यानलहरू र सोसल मिडिया सक्रिय भएका हुन्।


च्याट जीपीटी र गुगल बार्ड अनुवाद गर्न, कोड गर्न तथा इन्टरनेटमा छरिएर रहेका सूचनालाई सङ्गठित तरिकाले प्रस्तुत गर्नमा उपयोगमा आइरहेको छ। यो एक अनुवाद गर्ने एआई (आर्टिफिसियल इन्टिलिजेन्स वा कृत्रिम पण्डित) हो, जसले एउटा भाषालाई अर्कोमा अति राम्ररी अनुवाद गर्छ। स्मार्ट फोनमा गुगल असिस्टेन्टजस्तै सिरी, गुगल इमेज सर्चहरू कम्प्यूटर गेम्समा तथा शेयर बजारको उतार-चढावलाई बुझ्नसमेत आर्टिफिसियल इन्टिलिजेन्सको सहयोग लिइरहेको छ।

जबकि यसको उपयोग युरोपको सर्न प्रयोगशाला (CERN Lab), नासा र सारा अनुसन्धान संस्थानहरूमा धेरै अघिदेखि वैज्ञानिक प्रयोगको गणनालाई सरल बनाउन गरिएको छ। अब यसलाई बजारमा एपका रूपमा बिक्री हुनसक्ने गरी माल बनाएर ल्याइएको छ। यसैकारण यस माललाई बिकाउन बुर्जुआ मिडियामार्फत अनर्गल प्रचार भइरहेको हो।

ज्यालादारी दासका कट्टर समर्थक र ट्विटर (हालको 'एक्स') का मालिक एलन मस्कदेखि तमाम पुँजीपतिहरूले मेसिनले भविष्यमा 'मानव समाजलाई दास' बनाउने चिन्ता प्रकट गरेका छन्! यो पुँजीवादी व्यवस्थाको वर्चस्वको उदाहरण हो। पुँजीपतिवर्गले नै मानव जगतलाई खतरातर्फ धकेलिरहेको छ र अर्कोतर्फ समस्त मानव जगतलाई 'मेसिनहरू' बाट बचाउन अपिल गरिरहेको छ। मानव जगतलाई खतरा त छ, तर त्यो पुँजीवादी व्यवस्था र पुँजीपतिवर्गबाट छ। यस समस्यालाई बुर्जुआवर्गले विचारधारात्मक तरिकाबाट बङ्ग्याएर सारा मानव जगतमा खतरा ल्याउनमा मेसिनहरूलाई दोष दिइरहेका छन्। अहिलेको उपयुक्त सवाल 'मेसिन बनाम मानव जगत' होइन 'पुँजीवाद बनाम मानव जगत' को हो। हुन त यो चर्चा पहिलोपटक भइरहेको छैन। यस्तो चर्चा डीप ब्लु कम्प्युटरले महान् चेस खेलाडी गेरी कास्पारोवलाई हराएका बखत पनि चलेको थियो। सन् २०१९ मा पनि 'अल्फा गो' ले बोर्ड खेल 'गो' को सर्वोत्तम खेलाडीलाई हराउँदा पनि यस्तै हल्ला चलेको थियो।

आम श्रमिक समुदायमा यस्तोखाले समाचार सारा सोसल मिडिया प्लेटफर्महरूमार्फत सञ्चारित भइरहेका छन्। युट्युबमा यस्तैखाले खबरहरू देखाइएका छन्। यी खबरहरूमा यस्तो सन्त्रास फैलाइँदै छ कि एआईबाट सञ्चालित मेसिनहरूले मानवलाई उत्पादन कार्यबाट हटाइदिनेछ। इन्टरनेट र अखबारहरूमा च्याट जीपीटीबाट परीक्षाहरूमा उत्तीर्ण हुने, कैयन् रोजगारीलाई समाप्त गरिदिने कुराकानी हुने गर्छ। भनिँदै छ, आधारभूत उत्पादनका गतिविधिहरू देखि लिएर उत्पादनका सबै गतिविधिमा अब मजदुरहरूको आवश्यकता पर्दैन। अब यस्तो संसार बन्दै छ, जहाँ सबै कामहरू मेसिनहरूले गर्नेछन् र श्रमिक जनसङ्ख्या बेरोजगार भएर सडकमा पुग्नेछन्। यस्तो सपना देखाइँदै छ। मेसिनले चित्र बनाउँदै छ। कथाकुथुङ्गी रच्दै छ। वैज्ञानिक अनुसन्धान र प्रयोग गर्दै छ। मतलब संज्ञानको क्षेत्र र मनोवेगको क्षेत्रबाट मेसिनहरूले मानवीय चेतनालाई हटाइदिनेछन्।

सबैभन्दा पहिले श्रमिकहरूले यो सम्झनुपर्छ कि यो कोरा कल्पना र गफ हो। पहिलो कुरा मेसिनहरू मानव निर्मित उत्पादन ( माल) हुन्। भविष्यमा उत्पादनका कैयन् आधारभूत गतिविधिहरूमा मानवको प्रत्यक्ष श्रमको आवश्यकता पर्ने छैन, यो कुरा सत्य हो। तर, यो आश्चर्य या डराउनु पर्ने कुनै कुरा होइन र यसैका लागि नै मेसिन बनाइएको हो। मेसिन पनि श्रमका सबै उपकरणहरू जसरी नै र मानवीय अङ्गहरू र मस्तिष्क पनि त्यसरी नै विस्तार हुने गर्छन्। तर कुरा के हो भने पुँजीवादी व्यवस्थाको केन्द्रमा मानव होइन, सिर्फ नाफा रहन्छ। यसै कारणबाट यो स्थिति देखा परेको हो। यही कल्पनाले मेसिनले मानवलाई दास बनाइदिनेछ भन्ने कुरा हावासरि फैलिएको हो। मेसिन र मान्छेको द्वन्द्व सामने आउला, जुन मूलत: आफैमा मेसिन र मनुष्यबिचको द्वन्द्व होइन। बरु, श्रम र पुँजीको बिचको द्वन्द्व हो, मनुष्य र एक मुनाफा-केन्द्रित व्यवस्थाबिचको द्वन्द्व हो। यस कुरालाई केही ऐतिहासिक र वैज्ञानिक तरिकामा बुझ्न सकिन्छ।



**पुँजीवादी उत्पादन पद्धतिमा मेसिनको भूमिका**

कृत्रिम बौद्धिकतालाई मानव चेतनाविरुद्ध बिनाकारण राखिएको होइन। यस्तो किन गरियो ? यसबारे कुरा गर्नुभन्दा पहिला 'एआई अरु केही होइन खाली स्वचालन (Automation) हो' भन्ने कुरा हामीले सम्झनुपर्छ। यस्तो किसिमको मसिनी अटोमेसन (स्वचालन) पुँजीवादको इतिहासमा औद्योगिक क्रान्ति सुरू हुँदा सँगसँगै वा अठारौँ शताब्दीको अन्त र उन्नाइसौँ शताब्दीको सुरुआतमा नै प्रयोग हुन थालेको हो। उत्पादनको प्रक्रियामा मनुष्यले प्रकृतिलाई आफ्नो आवश्यकताअनुसार परिवर्तित गर्दछ। मेसिन यस प्रक्रियामा प्रयोग गरिने उत्पादनका साधनहरूको अङ्ग वा हिस्सा हुन्छ।

श्रमको प्रक्रियामा एक कर्ता भएर मानव श्रमले श्रमको साधनमार्फत कच्चा पदार्थ ( प्राकृतिक या निर्मित) लाई आफ्नो आवश्यकताअनुसार बदलिदिन्छ। श्रमको औजार भनेका साधारण ढुङ्गाका औजार, हलो, ट्याक्टरदेखि आधुनिक मेसिनहरू सबै हुन्। अहिले भनिएको एआई वा जीपीटी सफ्टवेयर पनि श्रमको उत्पादन हो र श्रमको साधन पनि हो। सारा उत्पादक क्रियाकलापहरूमा च्याट जीपीटी आउनु र मजदुरहरूलाई कामबाट निकालिनु गुणात्मक रूपमा कुनै नयाँ प्रक्रिया हुँदै होइन। निरपेक्षरूपमा हेर्ने हो भने पुँजीवादी समाजमा मेसिनले मजदुरहरूलाई निरन्तर उत्पादनबाट बाहिर लखेट्छ।

यदि पुँजीवादी व्यवस्थामा नाफाको औसत दर राम्रो छ र विस्तारित पुनरुत्पादन अधिक दरबाट भइरहेको छ भने त्यस्तो अवस्थामा मेसिनद्वारा विस्थापनको बाबजुद कुल श्रमिकहरूको सक्रिय सङ्ख्या बढ्न पनि सक्छ, जबकि त्यसबेला प्रतिश्रमिक मेसिनको सङ्ख्या बढेको हुन्छ। जे भए पनि, हातेतानलाई हटाएर आएको पावरलूम हो या एक्सेल सीटमा डाटा राख्ने श्रमिकलाई हटाएर आएको एआई, स्वचालन (Automation) कै हिस्सा हो। मार्क्सका अनुसार "औद्योगिक क्रान्तिको आगमन मेसिनबाट हुन्छ, जुन खाली एउटामात्र औजार प्रयोग गर्ने श्रमिकलाई अतिक्रमण गरेर कैयन् समानान्तर औजारहरूको तन्त्रबाट सञ्चालित हुन्छ, जसमा एकै चालक-शक्तिले गति पैदा गर्छ चाहे ऊर्जाको स्रोत जेसुकै होस्।" (मार्क्स, पुँजी, खण्ड-१)

च्याट जीपीटीले धेरै मानसिक क्रियाहरूलाई सञ्चालन गर्नु पनि स्वचालन-प्रक्रियाकै एक चरण हो, जसमा मानसिक श्रममा लागेका मजदुरहरूलाई हटाएर त्यस स्थानमा मेसिनले ठाउँ लिइरहेको छ। यस्तो प्रक्रिया जुनबेला सुरु हुन्छ त्यहीबेलादेखि उत्पादनको प्रक्रियामा मेसिनहरूका प्रयोग हुन थाल्छन्। मार्क्स लेख्छन् :

"पुँजीपति र ज्यालादारी श्रमिकका बिचको प्रतिस्पर्धा पुँजीको उद्भव हुँदै देखिबाट सुरू हुने गर्छ। यस्तो प्रतिस्पर्धा वस्तु उत्पादन उद्योगको पूरै अवधिभर उग्ररूपमा थियो। तर, मेसिन प्रणालीको आगमनपछि भने श्रमिकले खाली श्रमको साधनसँगै सङ्घर्ष गरेका छन्, जुन पुँजीको भौतिक मूर्तरूप नै हो। उसले (श्रमिकले) उत्पादनको साधनको विशिष्ट रूप विरुद्ध सङ्घर्ष छेड्न थाल्छ, जुन पुँजीवादी उत्पादन पद्धतिको भौतिक आधार भएको हुन्छ।

"तर मेसिनले श्रमिकलाई परास्त गर्ने एक प्रतिद्वन्द्वीको रूपमा मात्र काम गर्दैन, जसले श्रमिकलाई सधैँ बेकार बनाउनको लागि परेको हुन्छ। यसले श्रमिकसँग शत्रुता राख्ने एक शक्तिको रूपमा पनि काम गर्छ। पुँजीले ढोल ठटाएर नै यस्तो काम गर्छ र यस्तै रूपमा मेसिनहरूलाई उपयोग गर्ने गर्दछ। पुँजीको निरङ्कुश शासनको विरुद्ध भएका हडतालहरू, श्रमिक-वर्गको समय-समय हुने विद्रोहहरूलाई दवाउन सबैभन्दा शक्तिशाली अस्त्र मेसिनहरू हुन्छन्।" (मार्क्स, पुँजी, खण्ड-१)

मार्क्स उत्पादनको प्रक्रियामा मेसिन प्रणाली (यन्त्र प्रणाली) र स्वचालन (Automation) लाई यसरी परिभाषित गर्छन् :

"एक पटक पुँजीलाई उत्पादन प्रक्रियाअन्तर्गत ल्याइसकेपछि, श्रमको साधन विभिन्न स्वरूपमा रूपान्तरण हुँदै जान्छ, जसको परिणति मेसिन या भन्नुहोस् कि मेसिनहरूको स्वचालन प्रणाली (मेसिन-प्रणाली: स्वचालन यसको सबैभन्दा पूर्ण, सबैभन्दा उचित रूप हो, जो एक्लैले मेसिनहरूको एक प्रणालीमा उथलपुथल गरिदिन्छ।) जसले एक अटोमेसन गति दिन्छ, एक स्वचालित गतिवान शक्तिबाट आफै चल्छ। यस स्वचालनमा अनेक यान्त्रिक र मानसिक अङ्गहरू हुन्छन्, जसबाट श्रमिक आफै यसको सचेतन कडी मात्र भएजसरी अभ्यस्त हुँदै जान्छन्।" (मार्क्स, ग्रुन्डरिजबाट)

**मार्क्सका अनुसार –**

"जब कुनै मेसिनले मानिसको सहयोग नलिकन कच्चा पदार्थ परिष्कार (प्रशोधन) गर्नका लागि आवश्यक समस्त क्रियाहरू सम्पन्न गर्न लाग्दछ र जब त्यस (मेसिन) लाई मान्छेको आवश्यकता देखरेखको लागि मात्र रहन्छ, तब मेसिनहरूको चालित सङ्घटन (ढिक्का) तयार हुने गर्छ। यस सङ्घटनको विस्तृत पक्षहरूमा निरन्तर सुधार गर्दै जान सकिन्छ।

"मेसिनहरूको यस्तो सङ्गठित सङ्घटक, (जुन सञ्चालक यन्त्रद्वारा एक केन्द्रीय स्वचालित यन्त्रबाट गति प्राप्त भएको हुन्छ,) मेसिनहरूबाट हुने उत्पादनको सबैभन्दा अधिक विकसित रूप हुन्छ। यहाँनेर अलग-अलग काम गर्ने मेसिनहरूको बदलामा एक यान्त्रिक दैत्य हुन्छ, जसको दैत्यकारले पूरै कारखाना ढाकी दिन्छ र जसको राक्षसी शक्ति, जुन सुरूमा यसको दैत्याकार अवयवहरू (Components) का सन्तुलित र सुस्त गतिको आवरणपछि लुकेको थियो, अब आएर यसको असङ्ख्य कार्यकारी इन्द्रियहरूको कोलाहलपूर्ण आवर्तन (चौतर्फी घुमाव) को रूपमा प्रकट हुन्छ।" (मार्क्स, पुँजी, खण्ड-१)

उत्पादनका भिन्न-भिन्न शाखाहरूमा यो स्वचालित दैत्य मार्क्सको समय यता अत्यधिक फैलिसकेको छ। आज कुनै अटोमोबाइल इन्डस्ट्रीमा मौजुदा रोबोटिक आर्म र कुनै सफ्टवेयर उद्योगमा च्याट जीपीटीबिचको अन्तर अलग किसिमको उत्पादन मात्र हो। दुवै नै मेसिन हुन् जो श्रमिकका गतिविधिहरूलाई अमूर्तीकरण गरेर नै पैदा भएका हुन्। यसकारण, यस्तो गतिविधि शारीरिक हो यो मानसिक। रोबोटिक आर्म र च्याट जीपीटी श्रमिककै गतिविधिको अमूर्तीकरण हो।

मार्क्स भन्छन्, "तथापि, यही मेसिन नै हो जो श्रमिकको स्थानमा कौशल र शक्तिको मालिक्नी हो, यो आफैमा दक्ष छ र मानौँ कि ती यान्त्रिक नियमहरूमा स्वयं त्यसको आत्मा छ, जसको माध्यमबाट एउटा त्यसले कार्य गर्दछ। यसले कोइला, तेल आदिको खपत गर्दछ, जसरी एउटा श्रमिक खाना खाने गर्छ, ताकि उसको गति लगातार चलिरहोस्। श्रमिकको गतिविधि, जुन गतिविधि मात्र अमूर्तीकरण भएर रहन्छन्। ती सबै तर्फबाट ती मेसिनहरू गतिबाट निर्धारित र विनियमित हुन्छन् न कि यसको उल्टो। यो विज्ञान जो मेसिनहरूलाई निर्जीव अङ्गहरूको निर्माणानुसार त्यसलाई अटोमेसनलाई जस्तै समान उद्देश्यपूर्ण तरिकाहरूबाट सञ्चालित गर्दछ। यो श्रमिकको चेतनामा विद्यमान हुँदैन, तर मेसिनमार्फत एक विरानो शक्तिको ढङ्गमा, स्वयं मेसिनको आफ्नो शक्तिको रूपमा श्रमिकको कार्य गर्दछ।" (मार्क्स ग्रुन्डरिजबाट)

च्याट जीपीटीलाई मार्क्सको उक्त भनाइको आखिरी पङ्क्तिको सहयोग लिएर स्पष्ट बुझ्न सकिन्छ। प्राकृतिक विज्ञानले श्रमिकको चेतनाबाट स्वतन्त्र भएर त्यसलाई सञ्चालित गर्दछ। मानव ज्ञानले मानवलाई प्रतिकूलतामा राखिदिन्छ। च्याट जीपीटी अरु केही होइन मानवीय ज्ञानबाट सञ्चालित एक मेसिन प्रणाली हो। हाल मेसिनले जुन परिकल्पनालाई बल पुऱ्याइरहेको छ त्यसको भौतिक आधार पुँजीवादी उत्पादन पद्धतिमा छ। श्रमिकको श्रमलाई मेसिनले सहज बनाउनुको बदलामा उत्पीडन बढाउँछ।

मार्क्स भन्छन्, "दस्तकारीहरू या हस्तनिर्माणमा श्रमिकले औजारलाई प्रयोग गर्छन् भने कारखानामा मेसिनले श्रमिकलाई प्रयोग गर्छन्। त्यहाँ श्रमका औजारहरूका क्रियाहरू श्रमिकबाट सुरू हुन्छ, यहाँ भने श्रमिक नै स्वयंले मेसिनका क्रियाहरूलाई अनुकरण गर्नुपर्छ। हस्तनिर्माणमा श्रमिक एक जीवित सङ्घटनको अङ्ग हुन्छ। कारखानामा श्रमिकहरूबाहेक स्वतन्त्र एक निर्जीव यन्त्र हुन्छ र श्रमिक यस यन्त्रको एक जीवित अवयवको रूपमा मात्र बदलिन्छ।" यस भन्दा अघि मार्क्स भन्छन् कि "मेसिनबाट श्रम केही हलुका हुन जान्छ, तर यो चीज पनि यहाँनेर एक ढङ्गको यातना बन्न जान्छ, किनकि मेसिनले श्रमिकलाई कामबाट मुक्त गर्दैन, बरु यसले कामको सारा दिलचस्पीलाई समाप्त गरिदिन्छ। सबै प्रकारका पुँजीवादी उत्पादन, जहाँसम्म श्रम-प्रक्रिया अतिरिक्त मूल्य पैदा गर्ने प्रक्रिया पनि हुन्छ, त्यहाँसम्म यसमा एक समान विशेषता हुन्छ। यसमा श्रमिकले आफ्नो कार्य औजारहरूबाट लिने होइन बरु श्रमका औजारले श्रमिकबाट काम लिन्छ। तर, यो विपरितताले सर्वप्रथम कारखाना व्यवस्थामा नै प्राविधिक एवं इन्द्रीयगम्य वास्तविकता प्राप्त गर्छ। एक स्वचालित यन्त्रमा रूपान्तरित भएको श्रमले श्रमका औजार र श्रम प्रक्रियामा सामेल भएको पुँजीको स्वरूपमा वा त्यस मृत श्रमको रूपमा श्रमिकको सामने प्रकट हुन्छ जो जीवित श्रमशक्तिमाथि हावी रहन्छ र चुस्दा चुस्दा छोक्रा मात्र बाँकी राख्छ।" (मार्क्स पुँजी खण्ड-१)

यो पुँजीवादी व्यवस्थाको त्यो भौतिक आधार हो जसबाट मानव बनाम मेसिनको परिकल्पना पैदा भएको छ। एक यस्तो व्यवस्थामा जहाँ मान्छेसँगको मान्छेको सम्बन्ध नै मान्छे र मालको सम्बन्धको रूपमा प्रकट हुन्छ। यस सवालमा हामी दुई बुँदामाथि कुरा गर्नेछौँ। पहिलो, यस अवधारणाको दार्शनिक मर्म र अर्को यस परिकल्पनाको राजनीतिक अर्थशास्त्र ?

**'मानव बनाम मेसिन' परिकल्पनाको दर्शन**

उक्त चर्चाबाट यो स्पष्ट हुन्छ कि च्याट जीपीटी मेसिन हो, जुन मानव ज्ञानमा आधारित छ। तर पनि च्याट जीपीटी दुनियाँको धेरै ठुला परीक्षाहरूमा उत्तीर्ण भइरहेको छ। अल्फा गो भनेको 'गो' बोर्ड गेम खेल्ने गुगलद्वारा बनाइएको आर्टिफीसियल इन्टेलिजेन्स प्रोग्राम हो। जसले चेसको च्याम्पियन (गेरी कास्पारोभ) लाई हराइदियो। यो कृत्रिम चेतना हो तर मानवीय चेतनाभन्दा उन्नत देखिन्छ। किनकि च्याट जीपीटी कथाकुथुङ्गी पनि लेखिदिन्छ र कविताहरू पनि लेखिरहेको छ। यसकारण, यो भन्न थालियो कि मेसिनले कल्पना पनि गर्न थालेको छ।

हामीले माथि जसलाई कृत्रिम चेतना भन्यौँ, यो वास्तवमा मानवको मानसिक गतिविधिकै अमूर्तन हो। तथापि मानसिक गतिविधिमा मात्र सीमित छैन। यसकारण, यसको अमूर्तन पनि कुनै 'अन्तिम उत्पाद' होइन। मानव ज्ञान उन्नतोत्तर हुँदा यो पनि झन् उन्नतोत्तर हुनेछ। च्याट जीपीटीले पनि मानवीय ज्ञानको एक खास स्तरकै प्रतिबिम्बन गर्दछ।

*(मजदुर बिगुल, नोभेम्बर, २०२३ बाट साभार)*

# विश्व इन्टरनेट बैठकको एसिया प्रशान्त शिखर सम्मेलन चीनको हङकङमा आयोजना




हङकङ, १३ अप्रिल (सीआरआई) । अप्रिल १३ को बिहान, सन् २०२६ विश्व इन्टरनेट बैठकको एसिया प्रशान्त शिखर सम्मेलन चीनको हङकङमा अवस्थित हङकङ प्रदर्शनी केन्द्रमा उद्घाटन समारोहको आयोजना गरिएको छ । सो शिखर सम्मेलनले एसिया र प्रशान्त क्षेत्रको नवीनतम प्रविधिमा केन्द्रित रहँदै क्षेत्रीय सीमालाई नाघेर विश्वव्यापी डिजिटल, नवीनता र प्रविधिको आदानप्रदानलाई उच्च स्तरमा अघि बढाउने लक्ष्य लिएको छ । सो सम्मेलनले "नवीनताको विकासमा डिजिटल र एआईबाट शक्ति लगाउने, इन्टरनेटको साझा भविष्य समुदायलाई हातमा हात मिलाएर बनाउने" नारा बोकेको छ ।

हङकङ विशेष प्रशासनिक क्षेत्रका प्रमुख कार्यकारी ली च्याछो, हङकङस्थित चिनियाँ केन्द्रीय सरकारको कार्यालय प्रमुखहरू र विभिन्न क्षेत्रका अतिथिहरू सो गतिविधिमा उपस्थित हुनुभएको छ । सो सम्मेलनको क्रममा उद्घाटन समारोह, मुख्य मञ्च र "एआई एजेन्टको नवीनता र प्रयोग, डिजिटल वित्तीय, कृत्रिम बुद्धिमत्ताको सुरक्षा सुशासन, जनताको जीवनप्रति बुद्धिमत्ता शासन, डिजिटल स्वास्थ्य, ग्रन्थको डिजिटलीकरण तथा प्रसार" जस्ता विषयवस्तुहरूमा केन्द्रित रहेर ६ वटा उपगोष्ठीहरू आयोजना गरिने छन् ।

सो अवसरमा विश्वभरका राजनीतिक तथा व्यावसायिक नेताहरू, अन्तर्राष्ट्रिय सङ्गठनका प्रतिनिधिहरू, विज्ञ तथा विद्वान्हरूले एकै स्थानमा इन्टरनेटका अग्रणी विषयहरू र क्षेत्रीय डिजिटल सहकार्यबारेमा गहन आदानप्रदान गर्दै एसिया प्रशान्त क्षेत्रको विकासमा नयाँ गति र नयाँ शक्ति विषयमा चर्चा परिचर्चा गर्नुहुनेछ ।

विश्व इन्टरनेट बैठकद्वारा आयोजना गरिएको सो शिखर सम्मेलनलाई हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारले सञ्चालन गरेको हो । साथै, हङकङ विशेष प्रशासनिक क्षेत्र सरकारको नवीनता, प्रविधि तथा उद्योग व्युरो सहआयोजकको रूपमा रहेको छ र हङकङ व्यापार विकास व्युरोले समर्थन गरेको छ ।

## विश्व सङ्क्षेप

### इरानी राजदूतद्वारा अमेरिका र इरानको वार्ता कूटनीतिक प्रक्रिया भएको विचार व्यक्त

इस्लामावाद, १३ अप्रिल (सीआरआई) । अप्रिल १२ का दिन पाकिस्तानका लागि इरानी राजदूत रेजा अमिरी मोघादामले सामाजिक सञ्जालमा एक लेख प्रकाशित गर्दै अमेरिका र इरानले इस्लामाबादमा गरेको वार्ता एक प्रक्रिया भएको र कुनै एउटा घटना नभएको भन्दै यसले दीर्घकालीन कूटनीतिक प्रक्रिया थालेको र यो प्रक्रियाको लक्ष्य इरानी जनताको अधिकारको प्रत्याभूति भएको तथा पारस्परिक विश्वास र अठोटको समर्थनमा निरन्तर सम्पर्कले दीर्घकालीन कूटनीतिक उपलब्धि ल्याउने बताउनुभएको छ ।

मोघादामले इरान र अमेरिकाबिचको वार्ता शान्तिपूर्ण, राम्रोसँग व्यवस्थित र मर्यादित वातावरणमा गरिएको, विभिन्न पक्षले समान स्तरको रसद समर्थन पाएको, वार्ताले सुरक्षित र हितयुक्त वातावरणको प्रत्याभूति गरेको बताउनुभयो ।

अमेरिका र इरानबिचको वार्ता अप्रिल १२ का दिन नै सम्पन्न भएको छ । यद्यपि, दुई पक्षबिच कुनै पनि सम्झौता भएको छैन ।

### जापानी 'नयाँ ढाँचाको सैन्यवाद' पुनः उत्पन्न

टोक्यो, १३ अप्रिल (सीआरआई) । हाल जापानले देशभित्र र बाहिरको कडा विरोधका बाबजुद पुनःसशस्त्रीकरण भन्ने सन्दर्भमा नयाँ खतरनाक पाइला चालेको छ ।

जापानी सञ्चारमाध्यमले जनाएअनुसार, हाल जापान सरकार जोडतोडसँग जापानी हात हतियारको निकासी नियमलाई खुकुलो पार्ने योजनाको तर्जुमा गरिरहेको छ । योजनाको सम्पूर्ण विषयलाई निश्चित पारिएको छ भने जापानले यसै महिनाभित्र रक्षात्मक प्रबन्धहरू विभिन्न स्थानमा खडा गर्नेसम्बन्धी ३ वटा सिद्धान्त र त्यसको प्रयोगसम्बन्धी निर्देशिका संशोधन गर्ने योजना गरेको छ । त्यो नै जापानले हातहतियारको निकासी निषेधलाई सम्पूर्ण रूपमा हटाउन र शान्तिको नियम तोड्नका लागि चालेको पछिल्लो कारबाही रहेको छ । विश्व परिस्थितिको जटिल परिवर्तन भइरहेको सिलसिलामा जापानी 'नयाँ ढाँचाको सैन्यवाद' पुनःउत्पन्न भएकाले क्षेत्रीय शान्ति र स्थिरताका लागि वास्तविक त्रास धम्की दिएको छ । त्यसबाट वरपरका मुलुक र पुरै अन्तर्राष्ट्रिय समाजको उच्च सतर्कतालाई पनि जगाएको देखिन्छ ।

जापान सरकारका अनेकन कुचेष्टा र षड्यन्त्रप्रति अन्तर्राष्ट्रिय समाजले उच्च सतर्कता राख्नुका साथै त्यसको दृढताका साथ विरोध गर्दै संयुक्त रूपमा दोस्रो विश्वयुद्धको विजय र युद्धपछिको अन्तर्राष्ट्रिय परिपाटीको संरक्षण गर्नुपर्छ । यदि जापानले यस्तो खराब कारबाही जारी राखेमा अझ छिटो गरी निकै दुःखद नतिजा भोग्नेछ ।

# नाटोप्रति ट्रम्पको तीव्र असन्तुष्टि

वासिङ्टन, ३० चैत (एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धका क्रममा नाटोबाट अपेक्षित सहयोग नपाएको भन्दै गठबन्धनप्रति गहिरो असन्तुष्टि व्यक्त गरेका छन् । उनले अमेरिकाले वर्षौंदेखि ठुलो आर्थिक र सुरक्षा भार बोकेको दाबी गर्दै अहिलेको व्यवहारले आफूलाई निराश बनाएको बताए ।

ट्रम्पका अनुसार अमेरिकाले युरोपलाई विशेषगरी रुसको खतराबाट जोगाउन खरबौं डलर खर्च गर्दै आएको छ । तर सङ्कटको घडीमा नाटो सदस्य देशहरूले साथ नदिएको उनको गुनासो छ । "हामीले नाटोका लागि धेरै खर्च गर्‍यौं, तर उनीहरू हाम्रो लागि त्यहाँ थिएनन्", उनले भने । अहिले खतरा कम भइसकेपछि सहयोग देखाउन खोज्नुको कुनै अर्थ नरहेको उनले बताए ।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमका अनुसार नाटोप्रति ट्रम्पको असन्तुष्टि नयाँ भने होइन । राष्ट्रपति बन्नुअघि नै उहाँले गठबन्धनको संरचना र सदस्य राष्ट्रहरूको खर्चको असन्तुलनप्रति प्रश्न उठाउँदै आएका थिए । युरोपेली देशहरूले रक्षा क्षेत्रमा पर्याप्त लगानी नगरेको उनको धारणा रहँदै आएएका थिए । त्यस्तै, ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्ने प्रस्तावजस्ता विवादास्पद अभिव्यक्तिहरूले पनि उनको दृष्टिकोण झल्काउने गरेको छ ।

ट्रम्पले नाटोको हालको भूमिकालाई 'कहिल्यै नमेटिने दाग' का रूपमा चित्रण गर्दै गठबन्धनलाई 'कागजी बाघ' समेत भने । यसै सन्दर्भमा जर्मनीका चान्सलर फ्रेडरिक मर्जले हालको द्वन्द्वलाई 'ट्रान्स-अटलान्टिक सम्बन्धको परीक्षा' का रूपमा व्याख्या गरेको बताइएको छ ।

यद्यपि, विश्लेषकहरूका अनुसार ट्रम्पले चाहेर मात्र अमेरिकालाई नाटोबाट बाहिर निकाल्न सक्ने अवस्था छैन । त्यसका लागि अमेरिकी सिनेटमा दुईतिहाइ बहुमत वा काङ्ग्रेसको औपचारिक कानुनी निर्णय आवश्यक पर्छ । साथै, अमेरिकी राजनीतिका दुवै प्रमुख दलमा नाटोप्रति अझै व्यापक समर्थन कायम रहेकाले यस्तो कदम तत्काल सम्भावित देखिँदैन ।

तर पनि, ट्रम्पसँग केही रणनीतिक विकल्पहरू भने रहेका छन् । नाटो सन्धिको धारा ५ ले सामूहिक सुरक्षा सुनिश्चित गरे पनि प्रत्येक सदस्यले स्वतः सैन्य हस्तक्षेप गर्नैपर्छ भन्ने बाध्यता छैन । यस्तो अवस्थामा अमेरिकाले सहयोग सीमित गर्न सक्ने सम्भावना रहन्छ । साथै, युरोपभरि तैनाथ करिब ८४ हजार अमेरिकी सैनिक फिर्ता बोलाउने विकल्प पनि खुला छ ।

वाल स्ट्रिट जर्नलको रिपोर्टअनुसार ट्रम्प प्रशासनले इरानसँगको युद्धका क्रममा असहज ठानिएका देशहरूबाट अमेरिकी सैन्य आधारहरू सार्ने विषयमा समेत विचार गरिरहेको छ । यसले ट्रान्स-अटलान्टिक सम्बन्धमा थप तनाव सिर्जना गर्ने सङ्केत देखिएको छ ।

# हङ्गेरीमा ओर्बन युगको अन्त्य, राजनीतिमा नयाँ मोड

बुडापेस्ट, ३० चैत (एपी) । हङ्गेरीमा १६ वर्षदेखि सत्तामा रहँदै आउनुभएका प्रधानमन्त्री भिक्टर ओर्बन अन्ततः पराजित हुनुभएको छ । मतदाताहरूले अधिनायकवादी प्रवृत्ति र अति-दक्षिणपन्थी राजनीतिप्रति असन्तुष्टि जनाउँदै युरोप समर्थक नयाँ नेतृत्व रोजेपछि देशको राजनीतिक दिशा नै फेरिने सङ्केत देखिएको छ ।

ओर्बनका पूर्व सहयोगीसमेत रहेका पिटर मग्यारले भ्रष्टाचारविरुद्ध, सार्वजनिक सेवा सुधार र युरोपेली सङ्घ (इयु) तथा नाटोसँग सम्बन्ध पुनःस्थापनाको एजेन्डा अघि सार्दै ऐतिहासिक जीत हासिल गर्नुभएको हो । प्रारम्भिक मतगणनामा उहाँको टिस्जा पार्टीले करिब ५३ प्रतिशत मत ल्याउँदा ओर्बनको फिडेज पार्टी ३७ प्रतिशतमा सीमित देखिएको छ । एक सय छ मध्ये ९४ निर्वाचन क्षेत्रमा अग्रता लिँदै मग्यार स्पष्ट विजेता बन्नुभएको छ ।

पराजय स्वीकार गर्दै ओर्बनले परिणामलाई 'पीडादायी' भन्नुभयो र अब विपक्षबाट राष्ट्रको सेवा गर्ने बताउनुभयो । उहाँ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका निकट सहयोगीका रूपमा चिनिनुहुन्थ्यो, जसका कारण हङ्गेरीको विदेश नीति पनि लामो समयदेखि विवादमा थियो ।

मग्यारको विजयले इयुभित्रको शक्ति सन्तुलनमा परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । ओर्बनमाथि विगतमा बारम्बार भिटो प्रयोग गरेर इयुका निर्णयहरू अवरुद्ध गर्दै आएको र रूससँग नजिकिँदै गएको आरोप लाग्दै आएको थियो । विशेषगरी युक्रेन युद्धका विषयमा उहाँको भूमिकाले युरोपेली नेताहरूलाई असहज बनाएको थियो ।

चुनावी परिणामपछि बुडापेस्टमा उत्साहपूर्ण वातावरण देखिएको छ । डेन्युब नदी किनारमा हजारौं समर्थकहरू भेला भई विजय उत्सव मनाउँदा सहरका सडकहरूमा नाराबाजी र हर्षोल्लास फैलिएको थियो ।

करिब ८० प्रतिशत मतदान भएको यस निर्वाचनलाई हङ्गेरीको कम्युनिस्टपछिको इतिहासकै उच्च सहभागितामध्ये एक मानिएको छ । यसले जनताको परिवर्तनप्रतिको आकाङ्क्षा स्पष्ट देखाएको विश्लेषकहरूको भनाइ छ ।

ओर्बनको शासनकालमा मिडिया स्वतन्त्रता, अल्पसङ्ख्यक अधिकार र संस्थागत संरचनामाथि दबाब बढेको आरोप लाग्दै आएको थियो । साथै, सत्ता नजिकका व्यवसायिक समूहहरूलाई लाभ पुर्‍याइएको भन्ने आरोप पनि उहाँले अस्वीकार गर्दै आउनुभएको थियो ।

अब मग्यारको नेतृत्वमा हङ्गेरी पुनः युरोपतर्फ फर्किने वा पुरानै विभाजित राजनीतिक धार कायम रहने भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ । उहाँले यसअघि नै यो चुनाव 'पूर्व वा पश्चिमबिचको छनोट' भएको बताउनुभएको थियो ।

# इरानलाई हतियार दिएको आरोपमा चीनको आक्रामक प्रतिक्रिया

पेइचिङ, ३० चैत (एएफपी) । इरानलाई हतियार आपूर्ति गरेको आरोपलाई चीनले ठाडै अस्वीकार गर्दै त्यसलाई 'आधारहीन र दुर्भावनापूर्ण' भनेको छ । अमेरिकी चेतावनी र अन्तर्राष्ट्रिय मिडियामा आएका रिपोर्टबिच पेइचिङले आफू जिम्मेवार निर्यात नीति पालना गर्ने मुलुक भएको पुनः दोहोर्‍याएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनले इरानलाई सैन्य सहायता उपलब्ध गराएमा ५० प्रतिशतसम्मको नयाँ कर लगाउने चेतावनी दिनुभएको थियो । उहाँको यो अभिव्यक्ति अमेरिकी सञ्चारमाध्यमहरूले चीनले निकट भविष्यमा इरानलाई हवाई रक्षा प्रणाली उपलब्ध गराउने तयारी गरेको दाबी गरेका बेला आएको हो ।

सिएनएनले अमेरिकी गुप्तचर स्रोतहरू उद्धृत गर्दै चीनले आगामी केही साताभित्र इरानतर्फ उन्नत रक्षा प्रणाली पठाउन सक्ने सङ्केत गरेको जनाएको थियो । यसैबिच, द न्युयोर्क टाइम्सले पनि पेइचिङले काँधमा बोकेर प्रहार गर्न सकिने मिसाइलहरू पठाइसकेको हुन सक्ने आशङ्का सार्वजनिक गरेको थियो ।

यी सबै आरोपहरूको जवाफ दिँदै चीनले सोमबार आफ्नो आधिकारिक धारणा सार्वजनिक गरेको हो । विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले नियमित पत्रकार सम्मेलनमा चीनले सैन्य सामग्रीको निर्यातमा सधैं कडा नियन्त्रण र जिम्मेवारीपूर्ण नीति अपनाउने बताउनुभयो । "हामी आधारहीन धब्बा र दुर्भावनापूर्ण आरोपहरूको कडा विरोध गर्छौं", उहाँले भन्नुभयो ।

चीनले आफ्नो निर्यात नियन्त्रण कानुन र अन्तर्राष्ट्रिय दायित्वअनुसार हतियार आपूर्तिमा कडाइ गर्ने नीति कायम रहेको स्पष्ट पारेको छ । यसले आफू कुनै पनि प्रकारको गैरजिम्मेवार सैन्य हस्तक्षेपमा संलग्न नभएको सङ्केत दिन खोजेको देखिन्छ ।

यद्यपि चीन र इरानबिच घनिष्ठ आर्थिक सम्बन्ध रहेको छ । चीन इरानको प्रमुख तेल खरिदकर्ता हो, जसले तेहरानको ऊर्जा निर्यातमा महत्त्वपूर्ण भूमिका खेलेको छ । तर विश्लेषकहरूका अनुसार यी दुई देशबिच औपचारिक सैन्य गठबन्धन भने छैन र उनीहरूको सम्बन्ध मुख्यतः आर्थिक तथा रणनीतिक स्वार्थमा आधारित रहेको मानिन्छ ।

साथै, चीनले खाडी क्षेत्रका अन्य देशहरूसँग पनि सुदृढ आर्थिक सम्बन्ध कायम राख्दै आएको छ । इरानले युद्धका क्रममा ती देशहरूमाथि गरेको आक्रमणप्रति चीनले आलोचना समेत गर्दै आएको छ, जसले पेइचिङ सन्तुलित कूटनीति अपनाउन खोजिरहेको सङ्केत गर्छ ।

# क्षयरोग र मानसिक स्वास्थ्य : मौन पीडालाई बुझ्ने समय

✍ डा. ईश्वरी खनाल

क्षयरोग (टीबी) निको हुन्छ । यो उपचार सम्भव र रोकथाम गर्न सकिने रोग हो । तर, हाम्रो समाजमा यसलाई हेर्ने दृष्टिकोणले प्रायः बिरामीलाई शारीरिक रोगभन्दा ठुलो मानसिक आघात दिन्छ । क्षयरोगले व्यक्तिको शरीर मात्र होइन, उसको मन, भावना र सामाजिक अस्तित्वमा समेत गहिरो चोट पुऱ्याउँछ । यो चोट, अर्थात् मानसिक स्वास्थ्यको पक्ष, प्रायः उपेक्षित रहन्छ ।

क्षयरोग र मानसिक स्वास्थ्यबिचको सम्बन्ध दुईतर्फी बाटोजस्तो छ । क्षयरोगले डिप्रेसन, चिन्ता र आत्मविश्वासको ह्रास निम्त्याउन सक्छ भने पहिलेदेखि नै मानसिक समस्याले ग्रस्त व्यक्तिमा क्षयरोगको उपचार प्रभावकारी नहुन सक्छ । त्यसैले, यी दुई समस्यालाई सँगै सम्बोधन गर्नु अबको आवश्यकता र बाध्यता दुवै हो ।

**रोग पत्ता लागेपछि मनमा के चल्छ ?**


क्षयरोग पुष्टि हुनासाथ धेरै बिरामी तनाव, डर र चिन्ताको भुमरीमा फस्छन् । मृत्युको डर, परिवारमा रोग सर्ने चिन्ता, लामो उपचारको थकान, भविष्यप्रतिको अनिश्चितता र उपचारकै कारण निम्तिने सामाजिक अलगाव- यी सबैले बिरामीलाई मानसिक रूपमा धराशायी बनाउँछन् । ६ महिना वा सोभन्दा लामो उपचार अवधि उसको धैर्य र मानसिक सन्तुलनको परीक्षा बन्न पुग्छ ।

**देखिने समस्या : डिप्रेसनदेखि कलङ्कसम्म**

क्षयरोगीहरूमा डिप्रेसन (अवसाद) सबैभन्दा सामान्य समस्या हो । लगातारको उदासी, रुचिमा ह्रास, अत्यधिक थकान र निद्रामा गडबडीजस्ता लक्षणले बिरामीलाई नियमित औषधि सेवनबाट टाढा बनाउन सक्छन् । त्यस्तै, रोगको डर, आर्थिक अभाव र समाजको प्रतिक्रियाले चिन्ता विकार (एन्जाइटी) उत्पन्न गराउँछ ।

तर, सबैभन्दा क्रूर पक्ष 'सामाजिक कलङ्क' हो । 'क्षयरोग छ' भन्ने थाहा पाएपछि समाजले हेर्ने दृष्टिले बिरामीलाई अपराधीजस्तो महसुस गराउँछ । सामाजिक बहिष्कार, लाज, अपराधबोध र आत्मसम्मानको पतनले बिरामीलाई एकान्तमा धकेल्छ, जसले मानसिक तनावलाई थप चुलिदिन्छ ।

**मानसिक समस्याले उपचारलाई कसरी जोखिममा राख्छ ?**



डिप्रेसन वा चिन्ताका कारण बिरामीले नियमित औषधि नखाँदा, फलोअप छुटाउँदा वा उपचार बिचमै छोड्दा औषधि प्रतिरोधी क्षयरोग हुने जोखिम बढ्छ । अनुसन्धानहरूले देखाएका छन् - डिप्रेसन भएका क्षयरोगीहरूको उपचार पूरा गर्ने दर निकै कम हुन्छ । केही अवस्थामा क्षयरोगका औषधिले समेत मानसिक भ्रम पैदा गर्न सक्छन् । त्यसैले, उपचारका क्रममा मानसिक अवस्थाको नियमित निगरानी अनिवार्य छ ।

**एकीकृत उपचार : समाधानको बाटो**

यी सबै समस्याको एकमात्र समाधान 'एकीकृत उपचार' हो । क्षयरोगको उपचारसँगै मानसिक स्वास्थ्य सेवालाई अनिवार्य रूपमा जोड्नैपर्छ । स्वास्थ्यकर्मीहरूले औषधि मात्र दिने नभई डिप्रेसन र चिन्ताको स्क्रिनिङ, मनोसामाजिक परामर्श, परिवारलाई सही जानकारी, समुदायमा सचेतना र सामाजिक समर्थनको प्रबन्ध गर्नुपर्छ । यसले उपचार सफलताको दर उल्लेख्य रूपमा बढाउँछ ।

**परिवार र समुदाय : सहयात्री बन्न सकिन्छ**

क्षयरोग निको हुने यात्रामा परिवार र समुदायको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । भावनात्मक साथ, भेदभावको अन्त्य, औषधि सेवनमा प्रोत्साहन र सही जानकारी फैलाउने कामले कलङ्कको पर्खाल भत्काउन सकिन्छ । बिरामीले परिवार र समाजको साथ पाएमा उसको आत्मविश्वास फर्कन्छ र उपचारप्रतिको प्रतिबद्धता बलियो हुन्छ ।

**आत्म-हेरचाह : आफैँले आफ्नो साथ**

क्षयरोगीले आफैँले पनि केही सरल उपाय अपनाउन सक्छन् :

- दैनिकीमा नियमितता ल्याउने ।
- ध्यान (मेडिटेसन) वा रिल्याक्सेसन अभ्यास गर्ने ।
- परिवार र साथीहरूसँग जोडिएर रहने ।
- पौष्टिक आहारमा विशेष ध्यान दिने ।
- मानसिक समस्या महसुस भएमा तुरुन्त विशेषज्ञको सहयोग लिने ।

क्षयरोगविरुद्धको लडाइँ जीवाणुसँगको सङ्घर्ष मात्र होइन, यो मानिसको आत्मबल, आशा र मानसिक स्वास्थ्यसँग पनि जोडिएको यात्रा हो । जब समाजले कलङ्कको सट्टा सहानुभूति रोज्छ, परिवारले साथ दिन्छ र स्वास्थ्य सेवाले शरीरसँगै मनको उपचारलाई प्राथमिकता दिन्छ, तब मात्र क्षयरोग नियन्त्रणको लक्ष्य वास्तविक रूपमा हासिल गर्न सकिन्छ ।

***(सहायक प्राध्यापक डाक्टर खनाल मानसिक अस्पताल, लगनखेलका वरिष्ठ कन्सल्टेन्ट साइक्याट्रिस्ट (दसौँ तह) हुन् ।)***

# अनौपचारिक क्षेत्रका श्रमिकको सास्ती : ज्यालामा असमानता कायमै

कञ्चनपुर । कञ्चनपुरका अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक अझै पनि जोखिमपूर्ण अवस्थामा काम गर्न बाध्य छन् ।

इँटा उद्योग, निर्माण क्षेत्र, कृषि तथा घरेलु काममा संलग्न श्रमिकले सुरक्षा सामग्रीबिना नै खतरायुक्त कार्यमा संलग्न रहँदै आएका छन् । त्यसमा पनि महिला र पुरुषबिच ज्यालामा गहिरो विभेद कायम रहँदा श्रमिकको अवस्था जटिल रहेको छ ।

श्रम ऐन २०७४ तथा अन्तर्राष्ट्रिय श्रम सङ्गठनका मापदण्डअनुसार डर, धम्की वा दबाबमा गराइने काम बाध्यकारी श्रमअन्तर्गत पर्छ । तर, व्यवहारमा कृषि, निर्माण, घरेलु कामदेखि वैदेशिक रोजगारीसम्म यस्तो अवस्था व्यापक रहेको छ ।

ज्याला रोकिने, ऋणको बहानामा दबाब सिर्जना गर्ने, हिंसा तथा धम्की दिनेजस्ता अभ्यासले श्रमिकलाई आफ्नो इच्छाअनुसार काम छान्न वा छोड्न नपाउने अवस्था सिर्जना हुँदै आएको छ ।

कञ्चनपुर, बर्दिया, सप्तरीमा चार वटा सूचकमा गरिएको एक अध्ययनमा पूर्वकमैया, हलिया र हरवा-चरवा समुदायमा बाध्यकारी श्रमको अवस्था उच्च रहेको देखाएको छ ।

अध्ययनअनुसार करिब ८० प्रतिशत मुक्त कमैया, ८५ प्रतिशत हरवा-चरवा र ६१ प्रतिशत हलिया समुदायमा श्रम स्वतन्त्रताको अभाव रहेको अध्ययनमा रहेको पाइएको छ ।

समान काम गर्दा पनि महिलाले पुरुषभन्दा झन्डै ३३ प्रतिशत कम ज्याला पाउने, समयमा पारिश्रमिक नपाउने तथा बिदा लिन खोज्दा सजाय भोग्नुपर्ने अवस्था रहेको पाइएको छ । मुक्त बँधुवा श्रमिकमध्ये ४३ प्रतिशतले मात्रै तोकिएको ज्याला पाउने गरेको पाइएको छ ।

अनौपचारिक क्षेत्रमा कार्यरत मुक्त बँधुवा श्रमिकका सङ्गठनको सुदृढीकरण गरी पैरवी र प्रक्रियागत सहभागिता गर्दै बाध्यकारी श्रमविरुद्ध लड्न राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको समन्वयमा 'परिश्रम' परियोजना सञ्चालनमा ल्याइएको छ ।

फ्रिडम फन्डको आर्थिक सहयोग र एक्सन एड नेपालको सहकार्यमा सन् २०२६ जनवरीदेखि २०२७ डिसेम्बरसम्म सञ्चालन हुने यस परियोजनाले मुक्त बँधुवा तथा अनौपचारिक श्रमिकलाई सङ्गठित गर्दै अधिकारका लागि आवाज उठाउन सशक्त बनाउने लक्ष्य लिएको छ । परियोजना कञ्चनपुरका नौवटै स्थानीय तहमा सञ्चालन भइरहेको जनाइएको छ ।

परियोजनाका संयोजक हरि सिंह बोहराले श्रम कानुनको प्रभावकारी कार्यान्वयन, बाल श्रम न्यूनीकरण र श्रमिकको सामाजिक सुरक्षामा पहुँच विस्तार गर्ने उद्देश्यले परियोजना सञ्चालन गरिएको बताउनुभयो ।

उहाँका अनुसार अनौपचारिक श्रमिक राज्यको निगरानीभन्दा बाहिर रहेकाले बीमा, सामाजिक सुरक्षा, ट्रेड युनियन अधिकार तथा नियमित अनुगमनबाट वञ्चित छन् ।

उहाँले भन्नुभयो, "श्रममा बाध्य पारिएका बालबालिकालाई शैक्षिक सामग्रीसहित परियोजनाको कार्यक्रमअन्तर्गत विद्यालय भर्ना गर्छौं । जसले शिक्षामा पहुँच प्रदान गर्छ र श्रममा फर्कने जोखिमलाई कम गर्न मद्दत पुऱ्याउने विश्वास लिएका छौँ ।"

जिल्लाको दररेटभन्दा कम ज्यालामा काम गर्नुपर्ने, सुरक्षा सामग्री ( मास्क, पञ्जा, बुट) को अभाव तथा दैनिक हाजिरी प्रणाली नहुँदा श्रमिकको अवस्था कमजोर रहेको उहाँले बताउनुभयो ।

"श्रमिकलाई स्वतन्त्र रूपमा रोजगारदाता छान्न पाउने, ज्यालामा सौदाबाजी गर्न सक्ने र भयरहित वातावरणमा काम गर्न पाउने अधिकार सुनिश्चित गरिनुपर्छ," उहाँले भन्नुभयो ।

राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालका केन्द्रीय अध्यक्ष ईश्वर सुनारले पुरुषको तुलनामा महिलालाई कमजोर ठान्ने सामाजिक सोचका कारण ज्यालामा विभेद भइरहेको उल्लेख गर्दै समान कामका लागि समान ज्याला लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय हलिया मुक्ति समाजका अध्यक्ष सिवी लुहारले श्रमिक सङ्गठित भई तोकिएको ज्यालाभन्दा कममा काम नगर्ने अठोट आवश्यक रहेको बताउनुभयो । जोखिमयुक्त काममा अनिवार्य रूपमा सुरक्षा सामग्री र बीमाको व्यवस्था हुनुपर्ने उहाँको भनाइ छ ।

बाध्यकारी श्रम हुनुका कारणहरूमा गरिबी, अशिक्षा, ऋण, भूमिहीनता, विभेद रोजगारीको अभाव, जनचेतनाको कमी र सरकारी नीतिको कमजोर कार्यान्वयन जिम्मेवार रहेको उहाँले बताउनुभयो ।

मुक्त कमैया अगुवा भागिराम चौधरीले न्यून ज्यालामा काम गर्न बाध्य विपन्न परिवारका लागि राज्यले प्रभावकारी संरक्षण नीति ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो । अर्का मुक्त कमैया अगुवा रामप्रसाद रानाले श्रमिकलाई आफ्नो अधिकारबारे सचेत गराउँदै सङ्गठित सङ्घर्षमार्फत अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो ।

अनौपचारिक क्षेत्रका श्रमिकको समस्या समाधानका लागि प्रभावकारी नीति कार्यान्वयन, कडाइका साथ अनुगमन, सामाजिक सुरक्षा विस्तार र श्रमिक सशक्तिकरण अपरिहार्य रहेको उहाँले उल्लेख गर्नुभयो । ***रासस***

# रोकिएन राजमार्गमा ढाट राखेर सङ्कलन गरिने अवैध कर

***- हिमाल लम्साल***

वीरगन्ज (पर्सा) । सङ्घीय सरकारको निर्देशनविपरीत वीरगन्ज महानगरले राष्ट्रिय तथा सहायक राजमार्गमा गुड्ने मालवाहक सवारीसाधनसँग अवैध रूपमा सवारी व्यवस्थापन तथा कवाडी कर सङ्कलन गर्दै आइरहेको छ ।

गृह मन्त्रालयले २०८१ कार्तिक १२ गते ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गरेर राजमार्गहरूमा स्थानीय सरकारले विभिन्न किसिमका कर नउठाउन निर्देशन दिएको थियो ।

तर, वीरगन्ज भन्सार कार्यालय मातहतका एकीकृत जाँचचौकी र सुक्खाबन्दरगाहबाट निस्कने मालवाहक सवारीसाधनसँग ठेकेदार कम्पनीहरूले पटके सवारी व्यवस्थापन सेवा शुल्क र जडीबुटी, कवाडी तथा जीवजन्तु कर उठाइँदै आइरहेका छन् ।

पर्सा-१ का प्रतिनिधिसभा सदस्य बुद्धिप्रसाद पन्तले वीरगन्ज भन्सार कार्यालयबाट बाहिरिने मालवाहक सवारीसाधनलाई 'ढाट' का नाममा विभिन्न स्थानमा घुम्ती राखेर गैरकानुनी ढङ्गले उठाइँदै आएको कर असुल्ने प्रवृत्ति रोकिनुपर्ने बताउनुभयो । सांसद पन्तले भन्नुभयो, "गत चैत १८ गते प्रधानमन्त्री बालेन्द्र शाहलाई वीरगन्ज महानगर आसपासको जितपुर-सिमरा र कलैया उपमहानगरमा अवैध ढङ्गले मालवाहक सवारीसाधन व्यवस्थापन र कवाडी कर सङ्कलन गर्ने विषयमा ध्यानाकर्षण गराएको थिएँ । प्रधानमन्त्रीज्यूले सम्बन्धित निकायलाई निर्देशन दिनुभएको थियो । वीरगन्ज महानगरमा दिनको समयमा अवैध कर सङ्कलन रोकिए पनि रातको समयमा नरोकिएको विषयमा पर्साका स्थानीय प्रशासन प्रमुख र प्रहरी प्रमुखलाई ध्यानाकर्षण गराइसकेको छु ।"

सांसद पन्तले अवैध ढङ्गले राजमार्गमा ढाट राखेर रकम असुलउपर गर्नेमाथि कडाभन्दा कडा कारबाहीका लागि माग गर्नुभएको छ । वीरगन्ज महानगरले राजमार्गमा सवारी व्यवस्थापन गर्न भन्दै प्रभु कन्स्ट्रक्सनसँग भ्याटबाहेक सात करोड ६१ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको छ ।

महानगरले कवाडी कर सङ्कलनका लागि अमित ठेक्कापट्टालाई भ्याटबाहेक चार करोड ८८ लाख रूपैयाँमा ठेक्का सम्झौता गरेको छ । प्रभु कन्स्ट्रक्सनले चैत २७ गते सवारीको अन्य कुनै पनि विवरण नखुलाइकन ७५७६ नम्बरको मालवाहक सवारीसाधनका लागि २२६ रूपैयाँको रसिद काटेको छ ।

त्यस्तै, अमित ठेक्कापट्टाले पनि यही चैत २७ मा नै अन्य विवरण नखुलेको ७५७६ नम्बरको मालवाहक सवारीका लागि २२० रूपैयाँको रसिद काटेको छ । ट्रान्सपोर्ट व्यवसायीले भने ठेकेदार कम्पनीले मनलाग्दी ढङ्गले रसिद काटेर रकम असुलउपर गरेको आरोप लगाएका छन् ।

वीरगन्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले पनि राजमार्गमा ढाट राखेर गैरकानुनी ढङ्गले मालवाहक सवारीसाधनसँग रकम असुल्ने कार्य अन्त्य हुनुपर्ने माग गर्नुभएको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले राजमार्गमा अवैध ढङ्गले मालवाहक सवारीसाधनबाट रकम नउठाउन सम्बन्धित निकायलाई निर्देशन दिँदै आएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले गैरकानुनी ढङ्गले राजमार्गमा चल्ने सवारीसाधनबाट रकम असुलउपर नगर्न अनुरोध गर्दै आइरहेका छौँ । दिनको समयमा राजमार्गमा ढाट राखेर असुल्ने कार्य रोकिएको छ । तर, रातको समयमा फेरि अवैध रूपमा असुल्ने विषयमा गुनासा आएकाले अनुगमन गरेर नियन्त्रण गर्ने प्रयास गर्नेछौँ ।"

जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख सुदीपराज पाठकले ढाटहरू हटाउने गरेको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "सम्बन्धित निकायले आफूले गर्नुपर्ने काम गरेको खण्डमा धेरै हदसम्म सहज हुने थियो । स्थानीय सरकारले ठेक्का लगाउने काम गरेको छ । कतै लुकीछिपी रूपमा ढाट लगाएर रकम उठाउने काम रहेको रहेछ भने आवश्यक कारबाही प्रक्रिया अघि बढाइनेछ ।"

वीरगन्ज महागरका प्रमुख राजेशमान सिंहले स्थानीय सरकारले आन्तरिक आयका लागि सवारी व्यवस्थापन र कवाडी तथा जडीबुटी कर सङ्कलनका लागि बोलपत्र आह्वान गरेर सङ्कलन गर्दै आइरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "वीरगन्ज महानगरको आन्तरिक आय निकै कम छ । त्यसैले आन्तरिक आम्दानीको स्रोतका रूपमा सवारी व्यवस्थापन कर र कवाडी तथा जडीबुटी कर लगाएका हौँ । सवारी व्यवस्थापन तथा कवाडी कर सङ्कलन गर्नेहरूले कानुनविपरीत काम गरेको खण्डमा आवश्यक कारबाही गर्नेछौँ ।"

बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बाराको जीतपुर-सिमरा र कलैया उपमहानगरमा राजमार्गमा ढाट राखेर अवैध रूपमा उठाउने करलाई रोक लगाइएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "हामीले दुई साताअघिदेखि नै सडकमा ढाट राखेर उठाइँदै आएको करलाई रोक लगाउने काम गरेका छौँ । कतै लुकीछिपी उठाउने काम भएको छ भने नियमित अनुगमन गरेर रोक्ने प्रयास गरेका छौँ ।" ***रासस***

# के अब नेपालमा 'घोडा' फेरिँदै छ ?

पहिले-पहिले ज्येष्ठ नागरिकहरू एक आपसमा कुराकानी गर्दा प्रसङ्गवश 'घोडा फेरेको कथा सुनाउँथे । आफ्नो लामो यात्रामा जाँदा जब आफ्नो घोडा थाक्छ वा पसिनाले निथ्रुक्क भइसक्छ; त्यसबेला सामन्तहरू नयाँ घोडा फेर्छन् र गन्तव्यतर्फको यात्रा चालु राख्छन् ।

साम्राज्यवादी र विस्तारवादीहरू पनि आफ्नो उद्देश्य पूरा गर्न राष्ट्रपति, प्रधानमन्त्री वा दलमात्रै होइन देश नै फेर्ने गर्छन् । बेलायती साम्राज्यवादले सुगौली सन्धिपछि 'नेपाली गोर्खाली' लाई आफ्नो सेनामा भर्ती गऱ्यो र त्यसलाई हङकङ, मलेसिया, साइप्रस, इटाली र फकल्यान्डसम्म प्रयोग गर्‍यो । भारतीय 'स्वतन्त्रता' पछि उठेको तेलङ्गाना किसान आन्दोलन दबाउन भारतले 'नेपाली गोर्खाली' लाई नै प्रयोग गर्‍यो; जसरी अङ्ग्रेजले जलियावाला बागमा गर्‍यो । भाजपाको फासीवादी सरकारले चीन र पाकिस्तानको विरोधमा गोर्खा रेजिमेन्टका सेनालाई प्रयोग गर्नु नयाँ विषय होइन ।


आफ्नो इच्छाअनुसार काम नगर्दा अमेरिकी साम्राज्यवादले नै दक्षिण कोरियामा आफैले अगाडि सारेको सिङ्गमन री र दक्षिण भियतनामका राष्ट्रपति थ्युकीको हत्या गऱ्यो । यसकारण, भनिन्छ, 'दुष्टको पछि नलाग्नू र अरूले दिएको नखानू । यसको अर्थ हो बलियो शक्ति तर अन्यायीको 'जागीर' नखानू र अरूको भिक्षामा नबाँच्नू ! 'जागीर' ले 'जा गीर' मा पुऱ्याउँछ र भिक्षा 'हत्या' मा बदलिन्छ ।

नेपाली राजनीतिमा प्रजापरिषद्पछिको राजनैतिक पार्टी नेपाली काङ्ग्रेस हो । तर, नेका बुढो हुँदै गएपछि एमाले र माओवादी 'नयाँ घोडा' को रूपमा प्रयोग हुँदै छन् । नेपाली काङ्ग्रेसको वर्तमान नेतृत्व पश्चिमातिर लहसिँदा निर्वाचनमा प्रमुख प्रतिपक्ष दलमा झऱ्यो । नेकपा दक्षिणको शक्तिको इसारामा नचल्दा एउटै राजनैतिक दलमा दुई अध्यक्षाको बन्दोबस्त गराई झगडाको बीउ रोप्यो । अब नेकपाका गुटहरू एक आपसमा झगडा गर्दै छन् ।

थकित, निराश र हिम्मत हारिसकेको नेपाली काङ्ग्रेस पुनः आफ्नो अन्तिम लडाइँको निम्ति उठ्ने कोसिस गर्दै छ । किनभने, हतोत्साहित 'बहादुर' लाई ललकार्दै छ । 'बुढो बहादुर, तिमी उठ; आफ्नो खुट्टामा उभिऊः हाम्रो आशा नगरेस् । तिमी अब प्रदेशबाट उठ !" - एक बेला 'हरकुलस' वा 'भीम' समानको थाकेको, जनतामा विश्वास गुमाएको काङ्ग्रेसलाई के 'नारद ऋषि' ले प्रदेशतिरै सङ्केत गरेका हुन् ?!

अरूको सहयोगमा उठेका र दस वर्ष गृहयुद्ध गरेका प्रचण्डका मित्रहरू आफ्नै घर फोड्न बाध्य छन् । नेपाली उखानअनुसार 'अरूको आश भोकै बास' । निःस्वार्थरूपले जनताको सेवा गर्नुबाहेक अरू कुनै इज्जत र प्रतिष्ठाको बाटो छैन । भ्रष्टाचारी, ठेकेदार, विदेशी एजेन्ट, तस्कर, कालाबजारिया, हत्या र हिंसाका लागि गुन्डाहरूको भरमा देश र जनताको सेवा गर्नु मृगतृष्णा सरह हो । आफ्नै खुट्टामा उभिऔं !

***स्रोत : 'श्रमिक' साप्ताहिक, १४ पुस, २०७७, (29 Dec., 2020)***



## नव वर्षको शुभकामना !

✍ न्हुछेरत्न वुद्धाचार्य

*सगरमाथाको देशमा असङ्ख्य नयाँ दिनहरू*
*घुमिरहेछ भित्ताको नयाँ क्यालेन्डरमा*
*२०८३ सालको नव वर्ष शुभारम्भ भएको छ*
*प्रत्येक छानामाथि वैशाख हिँडिरहेछ यो भूमण्डलमा ।*

*सफलता, शान्ति, दीर्घायुको कामना लिएर*
*नयाँ उमङ्ग, नयाँ उत्साहका साथ नव वर्ष आएको छ ।*

*आज यो हिमाल, पहाड र तराईका*
*प्रत्येक स्वाभिमानी पीडित मानवले*
*नैतिक आचरणलाई पालन गरी सावधानी अपनाएर*
*यो शान्ति भूमिमा स्वस्थ र निरोगी भएर लम्कन सकोस् ।*


*प्रत्येक शिक्षकको सेवा र तपस्या*
*यो मातृभूमिको लागि अपार महिमाको योगदान छ*
*सदियौँदेखि अँध्यारो पथमा ज्ञानको प्रज्ञा प्रज्ज्वलन गरेर*
*कलिलो हँसियो संसारको न्वारन गरेर राष्ट्रको सेवा गर्न सकोस् ।*

*धर्तीका मुस्कान विद्यार्थीको आवाजमा जीवनको सत्य भाषा हुन्छ*
*यही सत्यता र लगनशीलताको पथमा लम्केर*
*सामाजिक सेवा देशभक्तिको पाठ सिकेर*
*यो राष्ट्रको प्रतिभाशाली कर्णधार बनेर अगाडि बढ्न सकोस् !*

*आफ्नो स्वतन्त्रता र अधिकारको लागि*
*निमुखा जनता जागरुक भएर कदम चाल्न सकोस्*
*यो गुञ्जिरहेको नयाँ संवत्को शुभकामना*
*यो पवित्र भूमिमा सधैँ सम्झिरहने छन्*
*हामी यही कामना लिएर अघि बढिरहने छौँ ।*


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।




गतिविधि




नव वर्ष २०८३ साल एवं बिस्का: जात्राको शुभकामना आदान प्रदान कार्यक्रममा मन्तव्य राख्नुहुँदै नेमकिपाका केन्द्रीय सचिव प्रेम सुवालज्यू तथा कार्यक्रममा सहभागि संस्थाका समिति, उपसमिति एवं कर्मचारीहरू । (चैत्र २८)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

भ.न.पा-७,चोर्चा,भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५ Website : www.sgsaccos.com.np, E-mail :sgsaccos@hotmail.com

ACCESS BRONZE
ASSOCIATION OF ASIAN CONFEDERATION OF CREDIT UNIONS


## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

२०५४

ब्याम्हासिंह-९, भक्तपुर, फोन नं. ०१-६६१४६८६

## ब्याजदर परिवर्तनसम्बन्धी सूचना

सञ्चालक समितिको निर्णयअनुसार संस्थाले मिति २०८३ वैशाख १ गतेदेखि लागु हुने गरी तपसिलबमोजिम बचत शीर्षकमा र ऋण शीर्षकमा नयाँ ब्याजदर कायम गरिएको सबै शेयर सदस्य तथा शुभचिन्तकहरूमा यसै सूचनाद्वारा जानकारी गराउँदछ ।

### तपसिल

| क्र.सं. | बचत शीर्षकमा | साविक ब्याजदर | नयाँ ब्याजदर |
|---|---|---|---|
| १. | नियमित बचत | ५ % | ५ % |
| २. | बाल बचत | ५ % | ५ % |
| ३. | सञ्चयकोष बचत | ४ % | ४ % |
| ४. | दैनिक बचत | २ % | १ % |
| ५. | आकस्मिक बचत | २ % | १ % |
| ६. | भक्तपुर आकस्मिक बचत | २ % | १ % |
| ७. | आवधिक/भ.आवधिक बचत ३ महिने | नलिएको | नलिएको |
| ८. | आवधिक/भ.आवधिक बचत ६ महिने | ३ % | २ % |
| ९. | आवधिक/भ.आवधिक बचत १ वर्षे | ३.५ % | ३ % |
| १०. | ज्येष्ठ नागरिक बचत | ४ % | ३.५ % |

| क्र.सं. | ऋण शीर्षकमा | साविक ब्याजदर | नयाँ ब्याजदर |
|---|---|---|---|
| १. | व्यवसायिक तथा औद्योगिक ऋण | ९ % | ८ % |
| २. | कृषि ऋण | ८.५ % | ७.५ % |
| ३. | घर निर्माण (किस्ताबन्दी) ऋण | ८.५ % | ७.५ % |
| ४. | शैक्षिक धितो ऋण | ८.५ % | ७.५ % |
| ५. | घरजग्गा तथा अन्य ऋण | ९.५ % | ८.५ % |
| ६. | सवारीसाधन किस्ताबन्दी ऋण | ९.५ % | ८.५ % |
| ७. | शैक्षिक प्रमाणपत्र जमानी ऋण | ९.५ % | ८.५ % |
| ८. | दैनिक जमानी ऋण | १०.५ % | ९.५ % |
| ९. | नियमित जमानी ऋण | ७ % | ७ % |
| १०. | आवधिक जमानी ऋण | थप २ % | थप २ % |
| ११. | किस्ताबन्दी धितो ऋण | ८ % | ६ % |

**पुनश्च** : *ऋणको ब्याजदर नयाँ तथा पुरानो सबैमा परिवर्तन हुनेछ । तर आवधिक जमानीमा पुरानोमा पुरानै हुनेछ ।*
*: नियमानुसार मासिक ब्याज तिरेमा ७ % छुटको व्यवस्था यथावत रहेको छ ।*

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा